पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ४५ २०७० असार २१ गते शुक्रबार (July 5, 2013) मूल्य रू. ७/-

## नेपाली सेनामा राणा शासन



काठमाडौं । ५८ वर्ष उमेर नपुगेका सैनिक अधिकृतहरूलाई कृष्णनरसिंह थापा, बालानन्द शर्मालाई सेवा अवधिथपेजस्तो गरी म्याद थप गर्ने प्रचलन विरूद्ध प्रधानसेनापति गौरवशमशेर जबरा उभिएका छन् । सेनाभित्र यो बिभेदको बिबादले उग्र रूप लिन थालिसकेको छ । यसैवीच सेनाभित्र प्रचलन र नियमविपरितका आदेशहरु दिने र आफूलाई श्री ३ राणाकै दर्जामा राख्दै नेपाली सेनाभित्र राणा शासन चलाउन उद्दत देखिनुले सकल दर्जाका सैनिकहरू उत्तेजित र आक्रोसित बन्नपुगेका छन् ।

यसैवीच नेकपा-माओवादीको केन्द्रीय समितिको बैठकले मंसिर ४ को (बाँकी अन्तिम पेजमा)

# वैद्यको विद्रोहले प्रचण्ड सन्किए

पोखरा । नेकपा-माओवादीको केन्द्रीय समितिको पोखरा बैठकले मंसिर ४ को निर्वाचन विथोल्ने, जबर्जस्ती गरेर सशस्त्र विद्रोह गरेर भए पनि निर्वाचन असफल पार्ने निर्णय गरेपछि 'कार्यकारी राष्ट्रपति हुन्छु' भनेर हौसिएका एमाओवादी अध्यक्ष प्रचण्ड सनक्क सन्किएका छन् । कहिले वैद्यजीले सहयोग गर्नुहुन्छ, कहिले एकता वार्ता भइरहेको छ - जस्ता टिप्पणी गरेर



आम जनताको आँखामा छारो हाल्दै राजनीतिक भ्रमको खेती गर्ने प्रचण्डमाथि



चुनाव चाहँदैनन् भन्नेसम्मको आरोप पनि लागेको छ । तर मधेसी मोर्चालाई साथ लिएर दुई तिहाई बहुमत जित्ने र 'कार्यकारी राष्ट्रपति' बनेर आफूले चाहेजस्तो संविधान बनाउने प्रचण्डको बाटो नेकपा-माओवादीले हिलाम्मे पारिदिएको छ ।

गत शनिबार नै नेत्रविक्रम चन्दले फौजी रणनीतिसम्म जानु परे जाने विषयमा पार्टीका मूल थामहरू वैद्य, रामबहादुर थापा, देव गुरूङ, सीपी गजुरेल, पम्फा भुसालहरूसँग सहमति गरिसकेका थिए । यही सहमतिलाई गत मंगलबार नेकपा-माओवादीको केन्द्रीय समितिले पार्टी निर्णयको स्वरूप दिएको हो ।

अब प्रचण्ड, सुशील, झलनाथ र विजय गच्छदारको सिन्डिकेट-संयन्त्रमात्र (बाँकी अन्तिम पेजमा)

## प्रचण्डलाई तान्ने साइत र लोकमानको हाइट

काठमाडौं । प्रचण्डले नै प्रस्ताव गरेका लोकमानसिंह कार्की अख्तियार प्रमुख भएपछि प्रचण्ड विरोधीहरुको राज्यकोष भ्रष्टाचारकाण्डको फाइल खोलेका छन् । प्रचण्ड, बाबुराम र कृष्णबहादुर महराविरूद्ध एमाले युवासंघका अध्यक्ष महेश बस्नेत र केही लडाकुले अख्तियारमा भ्रष्टाचारविरूद्ध उजुरी परेको थियो । त्यतिबेला कर्मचारी प्रमुखले यस विषयमा छानविन गर्न सकेन र थामथुम पार्न तत्कालीन सेना समायोजन समितिले लडाकु तथा शिविरमा राज्यकोषको दुरूपयोग भएको निष्कर्ष निकालेर छानविन हुनुपर्ने निर्णय गरेको थियो । फाइल खुल्यो, अनुसन्धान अधिकृतले अनुसन्धान थाले । अनुसन्धानका क्रममा अख्तियारले प्रचण्ड, (बाँकी अन्तिम पेजमा)

## निर्वाचन हुने कुरामा सरकार नै अन्योलमा

अभियान संवाददाता

काठमाडौं । मन्त्रि परिषदका अध्यक्ष एवम् वहालवाला प्रधानन्यायधिस खिलराज रेग्मीले अहिलेकै अवस्थामा आफैले घोषणा गरेको दास्रो संविधान सभाको निर्वाचन आगामी मंसिर ४ गते नहुने घोषणा गर्न थालेका छन् । एकिकृत नेकपा माओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादी र मधेसी जनाधिकार फोरम नेपालले निर्वाचनमा भाग नलिएको खण्डमा निर्वाचन हुन नसक्ने, रेग्मीले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल



र एमाले अध्यक्ष झलनाथ खनाललाई जानकारी गराएका छन् । एमाओवादी अध्यक्ष दाहाललाई सरकारी निवास वालुवाटार बोलाएर रेग्मीले निर्वाचनको वातावरण बनाउन आग्रह गर्दै असन्तुष्ट पक्षलाई मनाउन विशेष आग्रह गरे । सो अवसरमा रेग्मीले असन्तुष्ट पक्ष सहमतमा नआएको खण्डमा आफुले निर्वाचन गराउन नसक्ने समेत जानकारी गराएको सुत्रको दावी छ । नेकपा-माओवादी र अन्य असन्तुष्ट दलहरू सहमतिमा नआएको खण्डमा (बाँकी अन्तिम पेजमा)

## चुनाव निष्पक्ष होस् : पूर्वराजा

अभियान संवाददाता

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले आगामी ४ मंसिरमा हुने संविधानसभा चुनाव निष्पक्ष र धाँधलीरहित हुनुपर्ने सुझाव दिएका छन् । चुनावमा सबैले भाग लिनुपर्ने धारणा पनि उनले राखेका छन् ।

हिमानी ट्रस्टले शनिबार गरेको कार्यक्रममा उपस्थित भएका पूर्वराजा शाहले सञ्चारकर्मीसँग कुरा गर्दै चुनाव प्रजातान्त्रिक पद्धति भएकाले सबैले भाग लिनुपर्ने बताए । ४ मंसिरमा चुनाव होला त भनी सोधिएको प्रश्नमा उनले भने, 'चुनाव निष्पक्ष र



धाँधलीरहित हुनुपर्छ भन्ने जनताको भावना रहेको मैले पाएं ।'

बाढीपीडितलाई सहयोग गर्नेबारे (बाँकी अन्तिम पेजमा)

## नेपाल प्रहरीमा एसएसपी बढुवामा विवाद

काठमाडौं । पछिल्लो पटक बढुवाको विषयलाई लिएर नेपाल प्रहरीमा व्यापक असन्तुष्टी उत्पन्न भएको छ । केही समय पहिला प्रहरी कार्यालयमै नायब प्रहरी महानिरिक्षक (डिआजी)हरूको बढुवाको विषयको विवाद साम्य नहुँदै फेरी बरिष्ठ प्रहरी उपरिक्षक (एसएसपी)हरूको बढुवाका लागि पनि विवाद सिर्जना भएको छ ।

अहिले नेपाल प्रहरीमा १६ जनाले एसएसपी हुनका लागी योग्य भएको दाबी गरेका छन् । आफूहरू एसएसपीको लागि योग्य र दक्ष भएको भन्दै उनिहरू राजनीतिक दलका नेताहरूकहाँ धाउन थालेपछि प्रहरी नेतृत्व नै अहिले संकटमा परेको छ । नेपाल प्रहरीमा एसएसपी पदरिक्त (बाँकी अन्तिम पेजमा)

## आयोगको आचरसंहिता लागु नहुने

काठमाडौं । दास्रो संविधानसभाको निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन निर्वाचन आयोगले प्रस्ताव गरेको आचरसंहितामा हेलिकोप्टर र प्लेन चार्टर गर्न नपाउने व्यवस्थाका बारेमा एकिकृत नेकमा माओवादी खुलेरै विरोधमा उत्रिएको छ । निर्वाचनका लागि सर्वसाधारण देखि भूमाफिया र काला व्यापारीहरूको चलखेल हुने र केही स्वार्थी ग्रुपहरूले कालो धन प्रयोग गरी हेलिकोप्टर र प्लेन नै चार्टर गर्न सक्ने अवस्थालाई नियन्त्रण गर्न आयोगले त्यस्तो प्रस्ताव तयार पारेको हो ।

केही समय पहिला एकिकृत नेकपा माओवादीका अध्यक्ष लगाएतका नेताहरूले हेलिकोप्टर चार्टर गरेर धेरै ठाउँकको भ्रमण गर्न (बाँकी अन्तिम पेजमा)

## यिनले मुलुक हाँक्न सकेनन्

*शाश्वत शर्मा*

भनाई छ, बोकाले दाँइ हुने भए गोरु किन चाहिन्थ्यो ? यो भनाई नेपालको वर्तमान परिप्रेक्ष्यमा करिब करिब मिल्न गएको छ । विगत सात वर्षदेखि सत्ताको रजाइँ गरिरहेकाहरूले पटक-पटक र आफू खुशी सत्ताको रजाइँका लागि समय लिइरहँदा पनि यिनबाट 'दाइँ' (मुलुकलाई निकाश दिने कार्य) नहुने पक्कापक्की भयो । अब स्पष्टसँग भन्नु पर्दा यो मुलुकमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको अर्को विकल्प देखा परेन । बडो तामझामका साथ ०६२/६३ मा मुलुकमा गणतन्त्र त ल्याइयो, तर त्यसलाई हाँक्न सक्ने एक जना पनि नेता देखा परेनन् । तसर्थ शाह वंशीय राजतन्त्रका उत्तराधिकारी ज्ञानेन्द्र शाहलाई पुनः गद्दीनशिन बनाउनु बाहेक अर्को उपाय अहिले देखिएन । अहिलेको यो राजनीतिक सहमति गर्ने नाटक, त्यो चुनाव गराउने दिवाश्वप्न, त्यसपछि सर्वमान्य गणतान्त्रिक संविधानको निर्माण गराउँछौं भन्ने ख्याली पुलाउ यी सबै मुलुकलाई सधैँभरी अन्योल र झन्झन् अस्थिर बनाउनु तिर लाग्नु बाहेक अरु केही होइन । नेकपा-माओवादीको पोखरामा सम्पन्न केन्द्रिय बैठकले पारित गरेको चुनाव बहिष्कार गर्ने निर्णय र तराईका सशस्त्र समूहहरूको भारतको बिहारमा हालै सम्पन्न बैठकले पारित गरेको नेपालको संविधानसभाको चुनाव विथोल्ने निर्णयलाई विचार गर्दा पनि सत्ताशीनहरूको चुनावलाई आउँदो मंसिर चार गते नै सम्पन्न गराउने हुँकार हावादारी नै सिद्ध हुन्छ । त्यसोत, यहाँका सुरक्षा अधिकारीहरूको बैठकले नेकपा-माओवादीबाट आएको चुनाव बिथोल्ने निर्णयले त्यति फरक नपार्ने विश्लेषण गरेका छन् । तर आम नेपाली यसमा विश्वस्त छैनन् र आइपर्ने व्यवधानप्रति अत्यन्ते चिन्तित छन् ।

एकथरी विज्ञहरूको विचारमा वैद्यहरूले देखिने गरी चुनाव बहिष्कार गर्ने निर्णय गरेका छन् भने प्रचण्डदेखि लिएर सुशील कोइरालासम्मले नदेखिने गरी (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।
– *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# लाचार सरकार र निकृष्ट व्यापारी

सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाएपछि अहिले मुलुक विधिको शासन होइन, बाहुबलको भरमा सञ्चालन गरिएको छ । प्रधानन्यायाधीश नै सरकार प्रमुख भए पछि विधिको शासन कायम हुनु पर्ने थियो, तर रेग्मी सरकार त्यसको ठीक विपरित मार्ग तर्फ हिँडिरहेको छ । केही समय पहिला सुन ब्यवसायीहरुले सरकारले सुन पसलहरुमा अनुगमन गर्न पाउँदैन, हामीले उपभोक्ताहरुलाई ठग्न पाउनु पर्दछ भन्दै ब्यवसाय नै बन्द गरेर सडक आन्दोलनमा उभिए । सुनमा मिसावट गर्ने छुट सरकारले ब्यावसायीहरुलाई अनुमति दियो । खानेपानीको ब्यापार गरिरहेका उपत्यकाका खानेपानी ब्यावसायीहरुले पानी संकलनमा बन्द गरेर आन्दोलनमा उत्रिए । त्यस्ता ब्यावसायीहरुले फोहोर पानी उपभोक्ताहरुलाई विक्रि गरेर आए पनि उनिहरुका नाजायज माग समेत सरकारले पुरा गरिदियो । अथार्त अब खोलाको पानी सिधै उपभोत्ताहरुलाई विक्रि गर्ने छुट ब्यवसायीहरुले पाएका छन् । ट्याक्सी ब्यवसायीहरुले आफ्नो सवारी साधनको भाडा आफैं वृद्धि गर्न पाउनुपर्ने माग गरिरहेका छन् । त्यस्तै दूग्ध ब्यवसायीहरुले दुषित् पदार्थ मिसाएको दूध विक्रि गर्न पाउनु पर्ने माग गरिरहेका छन् । यातायात मजदुर आफूहरुले नियम मिच्दा ट्राफिक प्रहरीले कारवाही गर्न हुँदैन, जरिवाना गर्न पाँइदैन भन्दै आन्दोलनमा गएको खण्डमा के रेग्मी सरकारले ति सबै मागहरु पुरा गरिदिने ?

लामो समय सम्म न्याय क्षेत्रमा काम गरेका ब्याक्ति त्यसमा पनि प्रधानन्यायाधिश जस्ता ब्याक्तिको नेतृत्वमा रहेको सरकारले त्यस्ता नाजायज मागहरु पुरा गर्दै जाने र आम उपभोक्ताहरुलाई ठग्दै जाने हो भने रेग्मी सरकारको मात्र नभएर प्रधानन्यायाधिश रेग्मीको समेत दक्षता र क्षमतामा प्रश्न उठ्न सक्छ । पानी, दूध, पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तुहरुमा बन्द हड्ताल गर्न नपाइने नियम भएपनि त्यस्तो नियमको ध्वज्जी रेग्मी सरकारले उडाएको छ । अत्यावश्यक ऐन, कानून लगाएर कारवाही गर्नुपर्नेमा पानी ब्यवसायीहरुलाई ज्वाँइ सरहको ब्यावहार गरेर उपभोक्तालाई ठग्ने छुट दिनु रेग्मी सरकारको अकर्मन्यता र नालायकीपनको उदाहरण हो । रेग्मीलाई चारदलले निर्वाचन गराउने म्याण्डेट मात्र दिएका छन् । तर रेग्मी सरकारले मुलुकलाई दुरगामि असर पर्ने निर्णयहरु गरेर जनतालाई ठगी गरिरहेका हुनाले यो सरकारबाट केही कुराको आशा गर्नु बेकार सावित भएको छ । जुनसुकै ब्यवसायमा लागेका ब्याक्तिहरुले दुई-चार दिन ब्यवसाय बन्द गरेर नाजायज माग राख्दै सडक आन्दोलन गरेको खण्डमा त्यस्ता मागहरु पुरा गर्ने अधिकार रेग्मी सरकारलाई छैन । राजनैतिक नेतृत्वमा बनेको सरकारले जनताका समस्याहरु समाधान गर्ने गरेका भए पनि रेग्मी सरकारले भने त्यसको कुनै संकेत नै देखाएको छैन । उल्टो जनतालाई महँगीको भार थप्ने कार्य मात्र गरेको हुनाले रेग्मी सरकारको औचित्य समाप्त भएको छ ।

जनताले वाहालवाला प्रधानन्यायाधिश जस्तो ब्याक्ति सरकार प्रमुख भएको बेला न्याय पाउने आशा गरेका भएपनि रेग्मी सरकारले जनताको आशा एवम् विश्वास माथि खेलावाड गरेर जनतालाई महँगीको मारमा बाँच्न बाध्य बनाएको छ । खानेपानीको महशुलमा २६० प्रतिशत सम्म वृद्धि गर्ने अन्तिम तयारीमा सरकार छ । बत्तिको महाशुल बढाउन सरकार कम्मर कसेर लागेको छ । के रेग्मी सरकार त्यो आवश्यक थियो त ? स्वच्छ र निष्पक्षरुपमा निर्वाचन गराउने दायित्व पाएको सरकारले पानी, बत्ति, दूधमा मुल्य वृद्धि गर्नुको सट्टा जनतालाई केही राहत दिएको भए जनताले रेग्मी सरकारलाई धन्यवादनै दिन्थे । तर नेपाली जनताको लागी जुन जोगी आए पनि कानै चिरेको जस्तो मात्र भएको छ, रेग्मी सरकार ।

# गिरोहको आदेश स्वीकार गर्नु रेग्मीको बाध्यता ?

■ **देवेन्द्र चुडाल**

संविधानसभाको हत्या गरिएको १८ महिनापछि आगामी मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन तोकिएको मितिमा हुने नहुने कुरामा विवाद उत्पन्न भएको छ । करिब एक वर्षअघि एकीकृत नेकपा माओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले कुनै पनि हालतमा अहिलेकै अवस्थामा निर्वाचन हुन नदिने संस्थागत निर्णय गरेपछि निर्वाचन हुने कुरामा आशंका जन्मिएको हो । मुलुकका कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूले मुलुकलाई चार दलको मात्र पेवा वा विर्ता सम्झिएर चारदलीय हैकमवाद चलाउने उद्देश्यले बहालवाला सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सत्ता सुम्पिएपछि समस्या अझ चर्किएका छन् । नेकपा-माओवादीले चार दलबीच गत फागुन ३० गते भएको ११ बुँदे सहमति र त्यही सहमतिका आधारमा चैत्र १ गते संविधानको बाधा अड्काउ धारा १५८ प्रयोग गरेर संविधानका विभिन्न २५ विधालाई संशोधन गरेका हुनाले त्यसैको विरोधमा नेकपा-माओवादीसहितका अन्य साना ३३ दल सडक आन्दोलनमा गएका थिए । चार दलले नेकपा-माओवादी लगायतका अन्य दलहरूका मागहरूलाई सम्वोधन गर्नुको बदला उनीहरूलाई निर्वाचन विरोधीको सज्ञा दिंदै उनीहरूले निर्वाचनमा भाग नलिए पनि निर्वाचनमा कुनै असर नपर्ने भन्दै ठूला-ठूला डंका पिट्न थालेका बेला नेकपा-माओवादीले निर्वाचन भाँड्न दस्ता नै बनाउने निर्णय गरेर त्यसअनुरूप अगाडि बढ्न आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिएको हुनाले निर्वाचन हुने कुरामा आशंका जन्मिएको छ ।

चार ठूला दलले मात्र सहमति गरेर निर्वाचनमा जाने निर्णय गरेपनि उनीहरूको मात्र सहभागिताले निर्वाचन हुन सक्दैन । पछिल्लो समयमा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा १ सय ३९ वटा दलले दल दर्ताको निवेदन दिएका छन् । हत्या गरिएको संविधानसभामा ३३ दलको सहभागिता रहेको थियो । चार दलले तत्कालीन संविधानसभामा उपस्थित भएका ३३ दलको सहमति लिने प्रयाससम्म गरेन । कम्तीमा ३३ दलले एउटै मतले सहमति गरेका भए अवश्य पनि निर्वाचनको वातावरण बन्न सक्थ्यो । अहिले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले एउटै भाषा बोल्न थालेका छन् । जसरी भए पनि मंसिर ४ गते नै निर्वाचन हुन्छ । अब निर्वाचनलाई कसैले रोक्न सक्दैन भन्दै सडक आन्दोलनमा गएका दलहरूलाई अझ आक्रोशित तुल्याउने कार्यमा सरकार प्रमुख र एमाओवादीकै अध्यक्ष सक्रिय भएका हुनाले मंसिर ४ गते निर्वाचन हुने कुरामा विश्वास गर्न सकिंदैन । जसरी भए पनि निर्वाचन हुन्छ भन्नुको अर्थ के ? जनताले निष्पक्ष र धाधलीरहीत निर्वाचन चाहेका छन् । निष्पक्ष निर्वाचनको लागि भयरहीत वातावरणमा जनताले मतदान गर्न पाउनु पर्दछ । जनताले आफूले रोजेका दल वा व्यक्तिलाई बिना डर, त्रास मतदान गर्न सक्ने वातावरण मिलाउने दायित्व सरकारको हो तर सरकार प्रमुख नै जसरी भए पनि निर्वाचन हुन्छ भन्दै अहिलेदेखि नै जनतालाई आतंकित पार्ने र डरको वातावरण सिर्जना गर्ने कार्यमा उद्धत रहेका हुनाले रेग्मी सरकारले निर्वाचन गराउन सक्ने कुरामा विश्वास गर्न सकिने आधारहरू देखापरेका छैनन् ।

**चार ठूला दलले मात्र सहमति गरेर निर्वाचनमा जाने निर्णय गरेपनि उनीहरूको मात्र सहभागिताले निर्वाचन हुन सक्दैन । पछिल्लो समयमा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा १ सय ३९ वटा दलले दल दर्ताको निवेदन दिएका छन् । हत्या गरिएको संविधानसभामा ३३ दलको सहभागिता रहेको थियो । चार दलले तत्कालीन संविधानसभामा उपस्थित भएका ३३ दलको सहमति लिने प्रयाससम्म गरेन । कम्तीमा ३३ दलले एउटै मतले सहमति गरेका भए अवश्य पनि निर्वाचनको वातावरण बन्न सक्थ्यो ।**

पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन । आखिरी किन ? कसका कारणले संविधान निर्माण भएन ? संविधान निर्माण नहुनुका पछाडिका अवस्थाहरू के के हुन् र के के अवरोधहरू सिर्जना भए ? यी सबै प्रश्नहरूको उत्तर नखोजी संविधानसभाको दोस्रो निर्वाचन भए पनि त्यसले संविधान निर्माण गर्दछ भन्ने ग्यारेन्टी छैन । हिजो असफल भएकै दलहरू फेरि संविधानसभामा पुग्ने र हिजो मिल्न बाँकी रहेका मुद्दाहरूका बारेमा फेरि विवाद उत्पन्न हुन सक्ने सम्भावना जीवितै छ । हिजो एमाओवादी नेतृत्वले विभिन्न जातजाति, भाषाभाषीहरूलाई उचालेर एकल जातीय राज्य बनाउनु पर्दछ भन्ने माग उठाउन लगाएको थियो । मुलुकमा अहिले १२५ जातजातिहरूको बसोबास रहेको अवस्थामा कुनै एक जातको थरबाट जस्तै लिम्बूवान राज्यको घोषणा गरिए त्यसले समस्याको समाधान होइन जातजातीबीच मारकाट र समस्याको विऊ रोपिने सम्भावना बढेर गएको छ । हिजो एमाओवादीले तत्कालीन सरकारका विरूद्ध जनतालाई संघर्षमा उतार्न जुन ठाउँमा पुग्यो त्यही ठाउँका बासिन्दाहरूलाई उनीहरूकै थरबाट प्रदेश बनाइदिने उद्घोष गरेको हुनाले अहिले समस्या देखिएको छ । जनयुद्धका बेला भएका गल्ती, त्रुटी र कमी कमजोरीहरूलाई सच्याउनुको बदला एमाओवादीले जातजातिहरूलाई उचालेर सडक आन्दोलन गर्नसम्म लगाएको हुनाले त्यसको शिकार स्वयम् एमाओवादी हुँदै गएको छ । अरू पार्टीभित्र चलखेल गरेर अन्य पार्टीहरूलाई विभाजन गराउने प्रयास एमाओवादीले गर्‍यो । गोप्य रूपमा अन्य पार्टीका जनजाति नेताहरूलाई आर्थिक सहयोग गरेर पार्टी विभाजन गराउने कार्यमा समेत एमाओवादी लाग्यो, त्यसैको फलस्वरूप स्वयम् एमाओवादी नै विभाजित हुन पुग्यो । राज्य संरचना भाषा र जातको आधारमा कुनै हालतमा पनि सम्भव नहुने देख्दा देख्दै सस्तो लोकप्रियताको लागि एमाओवादीले त्यस्तो मुद्दा उठाएको थियो । संविधान निर्माण हुन नसक्नुको अर्को कारण राज्य पुनर्संरचना पनि हो । पछिल्लो पटक २०६८ मा भएको राष्ट्रिय जनगणना अनुसार दुई लाखभन्दा बढी जनसंख्या भएका जातजातिहरूको संख्या १९ रहेको छ ।

तिनीहरूमध्ये क्षेत्री १६.६० प्रतिशत, व्राह्मण १२.१८ प्रतिशत, मगर ७.१२ प्रतिशत, थारू ६.५६ प्रतिशत, तामाङ ५.८१ प्रतिशत, नेवार ४.९९ प्रतिशत, कामी ४.७५ प्रतिशत मुस्लिम ४.३९ प्रतिशत, यादव ३.९८ प्रतिशत, राई २.७९ प्रतिशत गुरूङ १.९७ प्रतिशत, दमाई ढोली १.८० प्रतिशत, ठकुरी १.६१ प्रतिशत, लिम्बू १.४६ प्रतिशत, सार्की १.४१ प्रतिशत, तेली १.४० प्रतिशत, चमारहरिजन १.२७ प्रतिशत, कोइरीकुसहवा १.६६ प्रतिशत, मुसहर ०.८९, कुर्मी ०.८७, सन्यासीदसनामी १.८६, धानुक ०.८३ र दुसधापासवान ०.७९ प्रतिशत रहेको छ । बहुसंख्यक

*बाँकी ६ पेजमा*

# पूर्वराजा र असन्तुष्टलाई निषेध नगर



राजन कार्की

राजनीतिक दलहरू नयाँ नेपाल, शान्त र सुन्दर नेपाल बनाउने प्रतिवद्धतामा अड्न सकेनन् । असफल भइसके । यो असफलतालाई भाषणको टालोले छोपेर अब धेरै दिन चल्नेवाला छैन । जति दिन राजनीतिक दलहरूले पूर्वराजासहितको सर्वपक्षीय, सर्वदलीय राष्ट्रिय सहमति गर्न ढिलाई गर्नेछन्, त्यति नै राष्ट्रिय अस्तित्व र पहिचान थप संकटमा पर्देजानेछ । अकल्पनीय दुर्घटनाको सिकार बन्नसक्नेछ । राजतन्त्र भनेको वीरता र राष्ट्रिय एकताको प्रतीक थियो । ०६५ साल जेठ १५ गते राजतन्त्रलाई किनारा लगाएपछि थाहा भयो- त्यो मौलो नहुँदा एकता कसरी अनेकतामा बिभाजित भयो ? राष्ट्रियता सोच्दै नसोचेको जसरी बिखण्डनको संघारमा पुग्यो ? फेरि नजानिदो किसिमले राजतन्त्रको आवश्यकता अनुभव गर्न थालिएको छ । यो अनुभव सामान्यदेखि असामान्य बर्गसम्मले गर्न थालेका छन् । राजनीतिक नेताहरूले लेसमात्र पनि आफूमा देशभक्ति बाँकी छ भने यो यथार्थलाई आत्मसाथ गर्न र अर्जुनदृष्टि लगाउन जरूरी देखिन्छ ।

हिजोका दिनमा राजदरवारभित्रको र त्यसलाई घेरेर बसेको बर्गले राजतन्त्र यस्तरी कन्तबिजोगका साथ समाप्त हुन्छ र राजावादीले एकशब्द पनि बोल्न सक्ने छैनन् भन्ने सोचेकै थिएनन् । प्रजातन्त्रलाई स्थापित गर्छु भन्दासमेत राजाले धर पाएनन्, उनको त्यही प्रतिज्ञा गलत साबित हुनपुग्यो, जसको पश्चाताप पूर्वराजा ज्ञानेन्द्रले २०७० साल असार ५ गते जनकपुरमा आयोजित अभिनन्दन समारोहमा उभिएर गर्नुपऱ्यो । जनतासंग कमीकमजोरीप्रति सार्वजनिक रूपमा माफी माग्नुपऱ्यो । सत्ता हातमा लिएको गल्ती, देश र धर्म समेत परित्याग गरेर भागेका र म्याद नाघेका ओखतीजस्ता जनाधारबिहीन भूमिगत गिरोह, स्वार्थी तत्वहरू नेताहरूलाई जिम्मेवारी दिएको भूल स्वीकार गर्नुपऱ्यो । त्यतिबेला कति गलत व्यक्तिहरूले राजतन्त्रलाई घेरेर राखेका रहेछन् भन्ने यथार्थ बल्ल पूर्वराजा ज्ञानेन्द्रले आत्मसात गरेका छन् र भनेका छन्- म पनि शक्ति हुँ, जनताले निर्णय गर्ने बेला भयो । जनतासंग भुक्ने कहिल्यै सानो हुँदैन । जनताले आह्वान गरे- राजा आउ देश बचाउ, राजतन्त्र जिन्दावाद ।

त्यही हालत राजनीतिक नेताहरूको छ । जनयुद्ध गर्ने र जनआन्दोलन गर्ने नेताहरू अपराधी, घुस्याह, हत्यारा, भ्रष्टाचारी, गुण्डाहरूको घेराबन्दीमा पर्दै गएका छन् । नयाँ नेपाल बनाउँछु भन्नेहरूले न संविधान बनाउन सके, न संविधानसभा बचाउन सके । अर्को संविधानसभा चुनाव गर्छौं भन्नेहरू त्यसमा पनि चिप्लिन थालेका छन् । बैधानिकता गुमाउँदै जाँदा राष्ट्र नै असफलताको कृष्णभीरबाट खस्ने अवस्थामा पुगिसकेको छ । यो अवस्थाबाट पार पाउने एउटै उपाय छ- पूर्वराजासहितको गोलमेच सम्मेलन । यसको बिकल्प बाँकी रहेन । अन्यथा हिंसा र रक्तपातबाट देशलाई बचाउन सकिने छैन ।

**७ वर्षको अवधिमा सहन गर्नै नसकिने अलोकतान्त्रिक घटनाक्रमहरू देखिए । गणतन्त्र नेपाल त घोषणा भयो तर, नेताहरू सत्ता स्वार्थको पोखरीमा जति पौडी खेले पनि तृप्त भएनन् । नेताहरूले राज्यसत्ता, शक्ति र सम्पत्तिलाई बपौति वा रखौटी बनाउन पुगे । जनताको पीडा, आकांक्षालाई नेताहरूले महत्व दिनै सकेनन् ।**

जसरी इरानका राजा महोम्मद रेजा पहलवीले अपदस्त भएपछि भनेका थिए- म र जनताबीच मेरै सहयोगीहरूले पर्खाल खडा गरिदिए । म त्यतिबेला भ्रसङ्ग भएँ, जतिबेला मबाट जनता टाढा भइसकेका थिए । नेपालका सन्दर्भमा पूर्वराजा ज्ञानेन्द्र ०६३ साल वैशाख ११ गते त्यस्तै दुर्भाग्यपूर्ण घटनाका सिकार हुनपुगे । राजतन्त्र फाल्दा आफन्तमात्र होइनन्, जनतासमेत मौन थिए । त्यो घटनालाई नेपालको राजनीतिक इतिहासमा बसन्त पर्व भनियो । त्यो बसन्त ऋतु २०७० सालमा आइपुग्दा कायम हुनसकेन । बसन्तमा फुलेका जनआकांक्षा र राजनीतिक हौसला पानीको फोका फुटेजसरी फुटिसकेको अवस्था छ । राजनीतिक नेताहरूले फौबज्जार बनेर राजनीतिलाई भागबण्डा र सिण्डिकेटमा सिमित राख्दा लोकतन्त्रको साइनबोर्डभन्दा बढी केही बाँकी रहेन । नेताहरू भ्रष्टाचारले डुङ्डुङ्गी गनाउन थालेका छन् । जनयुद्ध र जनआन्दोलनको जनलहर सेलाइसकेको छ । लोकतान्त्रिक भनिएका नेताहरूले लोकविश्वास गुमाइसके ।

यो ७ वर्षको अवधिमा सहन गर्नै नसकिने अलोकतान्त्रिक घटनाक्रमहरू देखिए । गणतन्त्र नेपाल त घोषणा भयो तर, नेताहरू सत्ता स्वार्थको पोखरीमा जति पौडी खेले पनि तृप्त भएनन् । नेताहरूले राज्यसत्ता, शक्ति र सम्पत्तिलाई बपौति वा रखौटी बनाउन पुगे । जनताको पीडा, आकांक्षालाई नेताहरूले महत्व दिनै सकेनन् । नयाँ नेपाल बनाउने र शान्ति तथा स्थिरता दिने बाचा गरेर सम्पन्न भएको संविधानसभाबाट संविधान बनाउन नसकेर यिनले बिघटन नै गरिदिए । अरबौंको व्ययभार राष्ट्रमाथि थोपरेर पनि यिनीहरू अघाएनन्, जनता तथा देशप्रति जिम्मेवारी बहन गर्न सकेनन् र अर्को संविधानसभाको निर्वाचन गर्ने भनेर मतो मिलाए । संसदीय प्रजातन्त्र स्वीकारेका राजनीतिक दलहरूले निर्वाचनका लागि शक्ति पृथकीकरणको सिद्धान्त समेत मासेर प्रधानन्यायाधीशलाई मन्त्रिपरिषदको अध्यक्ष बनाए । संसदीय प्रजातन्त्रमा निर्दलीय निजामती सरकार ? खस्रो जीउमा मलमलको धोती भनेको यही हो । यस्ता अनहोनी घटनापछि राजनीतिक बिमति र असन्तोष झन झन चुलिदै जाँदो छ । राजनीतिक विमतिले शान्ति, प्रगति, बिधि, पद्धति र राजनीतिक चरित्रलाई समेत चक्रव्यूहमा पार्दै लगेको छ ।

अफगानिस्तानमा जुन जुन घटना भए र कुनबेला कुन ठाउँमा बम पड्किन्छ भन्ने समस्याले ग्रस्त बन्नपुग्यो अफगानिस्तान । अफगानिस्तान फेरि निर्माण हुन्छ भन्ने सामान्य विश्वाससमेत गुमाइसकेको स्थितिमा छ । त्यस्तै परिदृश्यहरू नेपालमा विकसित भएका छन् । अराजकता सुरसाको मुख बनिसकेको छ । अराजकताका कारक राजनीति बन्न पुगेको छ । राज्य छ, राज्यका अङ्गहरू पनि छन्, राज्यले आफ्नो अनुभूति जनतालाई गराउनै सकेको छैन । नेपाल सुन्दर, शान्त र स्थिर बन्छ भन्न सकिन्न । नेपाल लथालिङ्ग र भताभुङ्ग भइसकेको छ । युवाजमात यो देशमा भविष्य छैन भनेर विदेशतिर पलायन हुन थालेका छन् । यति भयानक परिदृश्य देखिदा पनि राजनीतिक बर्गले संवेदना र गम्भीरता देखाउन सकेन । कस्तो दुर्भाग्यजनक स्थिति ?

के मुलुकको स्थिति ? के भन्छन् मुलुकबासी ? राजतन्त्र र हिन्दूत्वको समाप्तिपछि स्थापित लोकतन्त्रबाट जनता सन्तुष्ट छन् ? यी र यस्तै प्रश्नहरू जान्न, बुझ्न र जनतासँग परम्परागत जिम्मेवारी निर्वाह गरेर अन्तरक्रिया गर्न जनताका बीचमा पूर्वराजा जान थालेको केही वर्ष भयो । पूर्वराजा कहिले सुदूरपश्चिम, पश्चिम, मध्यपश्चिम त कहिले पूर्व र मध्य मधेशमा पर्ने देवदेवीहरूको पीठमा टाउको बजार्न पुगिरहेका छन् । जनता डाहामा छन् र पूर्वराजासँग पीडा पोखिरहेका छन् । देश बर्बाद भएको, बिधिको नामोनिसान मेटिएको र लोकतन्त्रले जंगलतन्त्रको रूप लिन थालेकोमा पूर्वराजालाई चिन्ता लागेको छ । जनताले पनि पूर्वराजालाई 'राजा आउ देश बचाउ' भनेर खुलेरै गुहार्न थालेका छन् । संविधानसभा, शासनव्यवस्था, संविधान निर्माणमा बाधा पुग्ला भनेर पूर्वराजाले आवाज नआउने गरी पाइला चालेका थिए । २०७० साल असार ५ गतेबाट पूर्वराजाले ठूलै श्वरमा, देशवासीले सुन्ने र बुझ्ने भाषामा 'कसैलाई निषेध नगरौं र नेपाल राष्ट्रका सबै भूभागलाई निरन्तर सपार्दै, सुधार्दै, बनाउँदै अघि बढौं । यही मेरो अन्तर्मनको चाहना हो ।' भन्दै 'नेपाली जनताले अब कुनै प्रकारको पूर्वाग्रहमा डोरियर वा कसैबाट डराएर होइन, स्वयं भित्रको अन्तरआत्मालाई बुझेर अघि सर्नु पर्ने आवश्यकता मैले देखेको छु ।' भनेर राजनीतिमा पाइला उचालेको संकेत गरेका छन् । पूर्वराजाको अन्तर्मनको यो आवाज र आह्वानलाई राजनीतिक दलहरूले आत्मसात गर्न हिचकिचाइरहेका छन् । यस्तो पूर्वाग्रहबाट देश बन्दैन । बिधि र पद्धति पनि स्थापित गर्न सकिन्न । राष्ट्र वर्तमान कालखण्डमा राष्ट्रिय सहमति खोजिरहेको छ । आफ्ना निहित सत्ता र शक्ति स्वार्थको भोक मेट्नका लागि निषेधको पट्टी बाँधेर राष्ट्रलाई हाँक्न सकिन्न । चार दलीय सिण्डिकेटले यति सानो सत्यलाई पनि स्वीकार्दैनन् भने तिनले देश बनाउने नाममा बिध्वंशमात्र निम्त्याउने निश्चित छ । तिनको भविष्य भनेको १९७५ का सिक्किमका लेण्डुप दोर्जीको भन्दा भिन्न हुनसक्नेछैन ।

जहाँ जहाँ पूर्वराजा गए, त्यहाँ त्यहाँ जनताले जिन्दावादका नारा लगाए, स्वागत गरे । परासीदेखि राजविराजसम्मका जनताले त 'श्री ५' भनेरै स्वागत द्वारा बनाए । जनताको यो स्वतस्फूर्त आवाज पनि राजनीतिक दलहरूले सुन्न चाहँदैनन् भने उनीहरू कस्ता लोकतन्त्रवादी हुन् ? भएको संविधानसभा मार्ने, संविधान लेख्न नसक्ने, राजनीतिक सहमति बनाउन र लोकतान्त्रिक आचरणमा पनि चल्न नसक्नु भनेको नाममात्रको लोकतन्त्रवादी हुनु हो । अझै पनि समय छ, बिभेदरहित, निषेधरहित रूपमा पूर्वराजासहितको राजनीतिक सहमतिका लागि गोलमेच सम्मेलन गरेर निकास निकाल्न सकिन्छ । लोकतन्त्रलाई संस्थागत गर्न सकिन्छ । सिण्डिकेट भनेको भूमिगत गिरोह हो, कुनै पनि प्रकारको गिरोह शासन लोकतान्त्रिक शासन व्यवस्था हुनैसक्दैन ।

## एउटै मुद्दामा सात सय ४४ प्रतिवादी

काठमाडौं । एउटा मुद्दामा कति प्रतिवादी होलान् ? पाँच, १०, २० या ३० जनासम्म । तर, वित्तीय कसुरअन्तर्गत बैंकिङ कसुरको पुनरावेदन अदालत पाटनमा विचाराधीन एक मुद्दामा सात सय ४४ प्रतिवादी छन् । क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स कम्पनीको कर्जा अपचलनसम्बन्धी मुद्दामा महाप्रबन्धक शिवराम जोशी, कर्जा विभागप्रमुखलगायत सात सय ४४ जना प्रतिवादी छन् । कम्पनीका महाप्रबन्धक, अध्यक्ष, निर्देशक, प्रमुख कार्यकारी अधिकृतसहित कर्जा अपचलनमा संलग्न अन्य र अपचलनमा तानिएका गरी ठूलो संख्यामा प्रतिवादी भएका हुन् । 'एकले अर्कालाई पोल्दै जाँदा धेरै प्रतिवादी भएका हुन्,' पुनरावेदन अदालत पाटनका रजिस्ट्रार नृपध्वज निरौलाले भने ।

पुनरावेदन अदालत पाटनमा विचाराधीन बैंकिङ कसुरको मुद्दामध्ये क्यापिटलको मुद्दा सबैभन्दा ठूलो नोक्सान दाबी गरिएको मुद्दासमेत हो । मुद्दामध्येको सबैभन्दा बढी थुनुवा क्यापिटलकै छन् । क्यापिटलका मुद्दा चलाइएकामध्ये सातजना हिरासतमा छन् । एउटै कम्पनीका सबैभन्दा बढी मुद्दासमेत क्यापिटलकै छन् । पुनरावेदन पाटनको वाणिज्य इजलासमा क्यापिटलका ४६ मुद्दा छन् । थुनुवाविरूद्ध क्यापिटलकै ४६ मुद्दा विभिन्न अदालतमा विचाराधीन छन् ।

'अदालतमा हामीसँग ठूला ११ कम्पनीका बैंकिङ कसुरसँग सम्बन्धित मुद्दा छन्,' रजिस्ट्रार निरौलाले भने, 'यीमध्ये बढी हानिनोक्सानी दाबी गरिएको मुद्दा पनि क्यापिटलकै हो, सबैभन्दा बढी प्रतिवादी पनि क्यापिटलकै छन् ।' नक्कली परियोजना खडा गरी कर्जा अपचलन गरेको अभियोगमा नेपाल राष्ट्र बैंकले क्यापिटलविरूद्ध छानबिन सुरु गरेको थियो । तत्कालीन अध्यक्ष पवनकुमार कार्की, सञ्चालक समिति अध्यक्ष विज्ञान पौडेलसहित डम्बर बस्नेत, सोमराज रेग्मी, लक्ष्मण पौडेल, प्रमुख कार्यकारी अधिकृत दीपकराज शर्मालगायतको मिलेमतोमा नक्कली परियोजनामा लगानी देखाएर कर्जा अपचलन गरेको भन्दै क्यापिटल छानबिनमा तानिएको थियो । केन्द्रीय बैंकको छानबिनपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको थियो । बैंकिङ कसुरकै अर्को मुद्दा क्रिष्टल फाइनान्सका समेत तीन सय ३२ प्रतिवादी छन् । हाल पुनरावेदन अदालत पाटनमा विचाराधीन बैंकिङ कसुरको मुद्दामध्ये दोस्रो ठूलो प्रतिवादी भएको मुद्दा हो यो । क्रिष्टलका मुद्दा संख्यासमेत ३१ वटा छन् ।

# India: Assaults on Tourist Ladies

■ *Sajjad Shaukat*

In the recent years, reports came to the limelight about involvement of Indian Amry's high and low-ranking officials in various scandals of sexual harassment and raping women. But such abuses have enveloped the tourist ladies, assaulted by Indian civilians.

Every one realises that rape against women is a shameless act of immorality in which anti-social elements driven by their animal instinct demonstrate male chauvinism to molest women. The trend has shifted to target and molest the foreign women who come to India for sight-seeing and enjoying the beauty of nature as tourists. The victims are isolated, subjected to collective molestation and finally left at deserted places after looting their money and seising their belongings.

In a number of rape cases, targeting foreign women have come to the surface in India this years. In March 2013, a 38 year old Swiss woman was gang-raped in a forest near Datia town by six Indians. In January 2013 a South Korean student was drugged and raped by the son of owner of the hotel where she was staying.

Regrettably, a British holidaymaker in the northern city of Agra suffered a leg injury when she jumped out of the hotel window to save her honour, as two men entered her hotel room with the intent to molest her. In February 2013, a Chinese woman working in Gurgaon, was raped by an Indian acquaintance. In May 31, 2013, a young Irish woman was raped by a man in a house in Kalighat area. The 21 years old young girl came into with acquaintance, an Indian native named Sujay Mitra in the city of Kolkata where she was celebrating her birthday.

In a notorious case, five years ago, 15-year old British schoolgirl Scarlett Keeling was raped and left to die on a beach in the tourist resort of Goa.

In another shameful case, in June 3, 2013, a US national was gang-raped by three men in a truck in Manali. The woman was attacked, after she accepted a lift by three men in a truck. Police said the men drove the woman to a secluded spot where they raped her and robbed her.

Taking cognisance of sexual assaults on the tourist ladies, British and Swiss governments have already issued instructions to women tourists to refrain from going to India due to growing risks of insensitivity and insecurity by the Indian officials who openly plead that there was no need to panic as foreigners are victims of such acts of crime all over the world and that India was no exception.

In this regard, The New York wrote in June 10, 2013, "Visits to India by female tourists dropped 35 percent in the first three months of this year compared with the same period last year. That three-month period came after the fatal gang rape of a 23-year-old student in New Delhi in December…every day women face the harassment and intimidation in India."

It elaborated, "Although the per capita rate of rapes reported to the police in India is below, as many sexual attacks go unreported and that the actual number is far higher…sexual offense law in March that imposes stronger penalties for violence against women and criminalizes actions. But attacks on women have continued with an alarming regularity. While Indian women are most often the targets, foreign tourists have been victims as well."

Sumit Galhotra, a journalist who specialises in human rights in South Asia, said that he has noticed, "While some rape cases in India have received widespread coverage in the local media, but others have not, particularly rape cases in rural India, which are routinely ignored in the press…despite the pervasiveness of India's rape problem, only a few cases get international headlines."

In fact, the fast-track court system in India is still not fast enough. In this respect, the Indian judicial system moves at a glacial pace, because the prosecution's primary focus has, instead, been on barring foreign journalists from proceedings. People are surprised that this is how fast-track courts in India function or as to how a typical court in the country functions.

Especially, the deadly gang-rape of the 30-year-old woman in December, 2012 was highlighted. She picked three men out of a lineup, and the accused were presented before a magistrate and sent to judicial custody for 14 days. Following this case including other ones, Indian government passed a law increasing prison terms for rapists and calling for the death penalty in cases of rape. But despite it, sexual violence and rape cases have continued in India.

Rise of sexual harassment and rape events has been badly affecting Indian tourist industry and income. India can ill afford to lose the foreign currency which tourists inject into the economy. According to official figures, economic growth has slipped to 5 percent in 2012 from more than 9 percent annually in 2010, and the government needs foreign currency to offset huge payments for imported oil and coal, which cannot be paid in rupees.

A total of 6.4 million foreign tourists traveled to India last year—a smaller number than in some much smaller countries. But such visitors make an essential contribution to the country's flagging economy.

Tourism over all accounts for 6 percent of India's gross domestic product and is responsible for about 10 percent of organised employment in the country, or some 20 million jobs. Foreign tourism specifically contributes about $18 billion, or approximately 20 percent of India's current account deficit. However, international media must pay a greater attention regarding growing evil of rape against women tourists in India, denouncing it forcefully and uncovering negligence of Indian police and law-enforcing agencies. Otherwise rapist gangs will remain totally insensitive towards foreign women visiting their country.

Media must also caution the foreign tourist ladies to avoid visiting India, as foolproof security arrangements to save their honour are not available in the country, while the attitude of police and law-enforcing agencies is also totally indifferent.

## न्याय हरायो एमाओवादी पनि कब्जाको पक्षमा

काठमाडौं । २०६३ मंसिर १२ गते भएको तत्कालीन नेकपा माओवादी सहितका सात राजनैतिक दलहरूले गरेको सहमतीमा नेकपा माओवादीले कब्जामा लिएको घरजग्गा ६ महिना भित्रमा सम्बन्धीत व्याक्तिहरूलाई फिर्ता गर्ने उल्लेख गरिए पनि आज सम्म केही अपवाद बाहेक अन्यको फिर्ता भएको छैन ।

सात वर्षको अन्तरालमा धेरै परिवर्तन आएको छ । तत्कालिन नेकपा माओवादी, एमाओवादी भएको छ भने त्यही पार्टीबाट विभाजीत भएर गठन भएको नेकपा-माओवादीले एमाओवादीका नेताहरूको घरजग्गा सम्पत्ती केही ठाउँमा कब्जामा लिएको बेला नेकपा-माओवादीले समेत फेरी घर जग्गा कब्जा लिन थालेको हुनाले उनिहरूको नियत माथी संका उठेको छ ।

देशभर धान दिवस मनाइरहेको असार १५ मा एमाओवादी निकट अखिल नेपाल किसान महासंघ (क्रान्तीकारी)ले काठमाडौंमा बस्दै आएका कुमारदास श्रेष्ठको नाममा रहेको पटियानी ३ मा रहेको १८ बिगहा ४ कठ्ठा १५ धुर जग्गा कब्जामा लिएको छ । महासंघका अध्यक्ष शिव रेग्मीले उक्त जमिन २०२० साल देखी भोग गर्दै आएका किसानलाई न्याय दिलाउनका लागि कब्जामा लिनु परेको बताएका छन् । उक्त जग्गा किसानहरूले बाघ-भालु संग जुद्दै जंगल फडानी गरे तर किसानलाई थाहै नदिई श्रेष्ठले २४ बिगहा जमिन आफ्नो नाममा गराएको हुनाले आफूहरूले बाध्य भएर जग्गा कब्जामा लिएको बताउँदै अध्यक्ष रेग्मीले जोताहा पुर्जा समेत उनिहरूकै नाममा रहेकाले उक्त जग्गा भोग गर्ने ति सातै जनाले पाउनु पर्ने बताएका छन् ।

महासंघ अध्यक्ष रेग्मीका अनुसार उक्त जग्गा मनबहादुर कामी, सुकबहादुर वि.क., आइते नेपाली, दिलबहादुर वि.क., खड्गबहादुर वि.क., खड्गबहादुर गुरूङ र धनबहादुर वि.कको नाममा जोताहा पुर्जी समेत रहेको छ । २०२० सालदेखी उनिहरूले भोग गर्दै आएको जग्गा २०२६ सालमा कुमारदास श्रेष्ठले आफ्नो नाममा दर्ता गराएका थिए । २०५९ सालमा पनि रेग्मीकै नेतृत्वमा उक्त जग्गा कब्जा गरि किसानलाई बाँडिएको थियो । एमाओवादीले अर्काको घरजग्गा कब्जा गर्ने रणनीति पार्टीको नरहेको बताउँदै आएपनि खुरूखुरू जग्गा कब्जा गर्नुले एमाओवादीको भित्री रणनीति के हो भन्ने अब प्रष्ट हुने पनि बेला आएको छ ।

एमाओवादीकै पहलमा मन्त्रिपरिषद्का अध्यक्ष बनाइएका खिलराज रेग्मी एमाओवादीको कोटाबाट भुमिसुधार मन्त्री बनेका व्यक्तिले कब्जा गरिएको उक्त जग्गाका बारेमा अविलम्ब छानबिन गरी कडा कारवाही हुनुपर्ने आवाज उठ्न थालेको छ । अर्काको जग्गा कब्जा गर्ने अधिकार सरकारलाई समेत नभएको अवस्थामा एउटा पार्टीको भातृ संगठनले किसानका नाममा जग्गा कब्जा गरेको घोषण गर्नु कहाँको न्याय हो ?

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# राज्य खण्डित गर्ने अधिकार नेताहरूलाई कसले दियो ?



■ अनिल योगी

राजनीतिक दलका जिम्मेवार नेताहरूका भाषण सुन्दा र उनीहरूका राजनीतिक आन्दोलनमा लगाईने नाराहरू अध्ययन गर्दा आफैलाई एक प्रकारको लज्जाबोध हुन्छ । राष्ट्रिय राजनीतिमा लागेका दलका नेताहरू र समाजमा आफ्नो फरक पहिचान बनाएका बौद्धिक जगतले बोल्दा बिचार पुऱ्याउने गरेका छैनन् । उनीहरूले बोलेका कतिपय कुराले राष्ट्र र जनताको जीवनमा प्रत्यक्ष रूपमा नकारात्मक असर गरिरहेको हुँन्छ । त्यो कुरा उनिहरूलाई हेक्का भएको पाईदैन । त्यो बिषय प्रति नेताहरू र बौद्धिक जगतले ख्याल गर्न सकेका छैनन् । कुनै पनि राजनीतिक दलका नेताहरू र बौद्धिक जगतका बिद्धानहरूले आफुलाई समेत समाल्न सकिरहेका छैनन् । दलका नेताहरूले जस्तै बौद्धिक जगतले पनि यो राष्ट्रको जीवन नै छैन, देशभित्र अरू मानीसहरूका बिवेकले काम गरिरहेको छैन भन्ने ठाँनीरहेका छन भने उनीहरूले आफ्नो धारणालाई सच्याउँनु पर्छ ।

नयाँ शासन ब्यवस्था र प्रणाली प्रति जनताको आस्था घटाउँने काममा दलका नेताहरू मात्र सहभागि भएका छैनन् सानो ठुलो बौद्धिक तप्का पनि रहरले वा बाध्यताले हो सम्लग्न भएको छ । महामहिम राष्ट्रपति रामवरण यादवलाई सबै जसो दलका नेताहरूले आफु अनुकुल गोटीको रूपमा पर्योग गर्ने कोशिस गरे । माधव नेपाल प्रधानमन्त्री हुँदा विपक्षी दलका नेताहरूले गर्वका साथ यो बाह्यशक्तिले उभ्याएको कठपुतली हो माधव नेपाल नेपाली नै होइन भने । सत्र पटकको चुनावी नौटंकी पछि झलनाथ खनाललाई प्रधानमन्त्री बनाउँदा प्रचण्डले छिमेकीलाई ऐतिहासिक झापड हाँनेको र आफै बनाएको स्वाङ्ग पार्ने काम त गरे । तर झलनाथलाई चिनले बाानएको हो भन्दै हिड्थे दलकै नेताहरू । बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाउँदा ईनी त दक्षिणका पक्का बिश्वास पात्र हुँन भनियो उनको काम गर्ने शैलिपनि नेपाल राष्ट्र र जनतालाई भन्दा उताकालाई बढी हित हुँने खालको थियो । केही राजनीतिक दलका नेताहरू देशभरी अहिले खिलराज रेग्मीलाई बाह्यशक्तिको तागतमा त्यो ठाउँमा आएका हुँन भनेर भाषण गरिरहेका छन । एउटा स्वतन्त्र राष्ट्रका लागि यो भन्दा ठुलो बिडम्बना अरू केही हुँन सक्दैन । राष्ट्रको आत्ममा चोट पुग्ने खालका यस्ता दुर्वाच्य शब्दहरू राजनीतिको नाममा दलका नेताहरू किन बोल्दैछन ? नेताहरू यसरी किन मात्तियका हुन् ? यति छाडा बोल्ने मानिसले देशको राजनीति कसरी गर्न सक्छन् ? नेपाली जनताले दलका नेताहरूको भाषा सुन्दैनन् अथवा बुझ्दैनन् ?

जनतालाई दलका नेताहरूले आफु सत्ता र शक्तिमा पुग्नका लागि मौका पर्दा प्रयोग गर्ने बिवेकहीन औजार मात्र ठानेका हुँन भने यस्को मुल्य चुक्ता गर्न नेताहरूलाई कठिन हुँनेछ । देशलाई बलियो कसरी बनाउँने र जनतालाई शान्ति पुर्वक बाँच्ने बातावरण कसरी बनाई दिने भन्ने बिषय कुनै पनि राजनीतिक दलका नेताको प्राथमिकता भित्र परेको छैन । राजनीतिको नाममा दलका नेताहरू देशको अस्मिता र जनताको जीवनलाई दाउँमा राखेर मजाक गरिरहेका छन । दलका नेताहरूले राजा र राजसंस्थालाई देशको उन्नति र प्रगतिको बाधक हो भनेका थिए । राजसंस्थालाई निलम्बन गर्दा र राजालाई राष्ट्रिय राजनीति बाट अलग गर्दा जनताले कुनै प्रकारको असहमति जनाएनन् । आज को हो देश र जनताको प्रगतिको बाधक दलका नेताहरूले यो कुरा जनतालाई किन भन्दैनन् । राजनीतिक धरातल कम्जोर भएको देश भित्रको राजालाई हटाउँदा आफुलाई बाहादुर ठान्ने दलका नेताहरू देशको प्रगति र जनताको उन्नतिका निमित्त एक ठाउँमा आउँन किन सक्दैनन् ? देशलाई समाल्नै नसकिने गरि रसातलमा पुगाउँने तत्वको खोजी किन हुँदैन ? नेताहरू देशभक्त थिए भने देशको पुर्ननिर्माण गर्न र जनतालाई स्वाधिन बनाउँन उनीहरूलाई कसैले रोक्न सक्ने थिएन ।

सबै कुरा बिदेशीका निर्देशनमा गर्ने हो भने राजनीतिक दलका नेताहरूलाई राष्ट्र र जनताले किन पाल्नु पऱ्यो ? दलका नेताहरूले जनतालाई गर्व लाग्ने खालको राजनीतिक संस्कार देखाउँन पर्दैन ? नेपाली जनताले अराजकता र अब्यवस्थालाई संस्थागत गर्नका लागि रगत बगाएका हुँन र ? लोकतन्त्र वा प्रजातन्त्रको बदनाम गर्ने काम दलका नेताहरू गर्वका साथ किन गर्दैछन ? दलका नेताहरू लोकतन्त्र प्रति प्रतिबद्ध छन भने यि महत्वपुर्ण सवालको एक दिन जनतालाई चित्तबुझ्दो जवाफ दिनु पर्नेछ । दलका नेताहरूले मानवीय मुल्य मान्यता र नैतिकता बिनाको राजनीति कहिले सम्म गर्ने ? राष्ट्र र जनतालाई यो भन्दा बढी पराधीन कति बनाउँने भन्ने बिषयमा दलका नेताहरू अव टुङ्गोमा पुग्नुपर्छ । जनताका बीचमा बोलेका कुरा पुरा नगर्ने राजनीतिक दलका नेताहरूलाई सँधै लोकतन्त्रका पहरेदार हुँन भनेर मान्नु पर्ने उचित आधार दलका नेताहरूले जनताका बीच प्रस्तुत गर्न आज सम्म सकेका छैनन् । दलका नेताहरूले छातिमा हाथ राखेर यो देशको राजनीति हाम्रा आफ्नै बिवेकले गरिरहेका छौ भन्न सक्दैनन् भने उनीहरूले देशलाई सहज मार्गमा लैजान सक्दैनन् । देश हिजो पनि थियो भोली पनि हुँनेछ आजका नेताहरू मात्र यो राष्ट्रका आदि र अन्त्य होइनन् ।

**एउटा स्वतन्त्र राष्ट्रका लागि यो भन्दा ठुलो बिडम्बना अरू केही हुान सक्दैन । राष्ट्रको आत्ममा चोट पुग्ने खालका यस्ता दुर्वाच्य शब्दहरू राजनीतिको नाममा दलका नेताहरू किन बोल्दैछन ? नेताहरू यसरी किन मात्तियका हुन् ? यति छाडा बोल्ने मानिसले देशको राजनीति कसरी गर्न सक्छन् ? नेपाली जनताले दलका नेताहरूको भाषा सुन्दैनन् अथवा बुझ्दैनन् ?**

नेपालको राजनीतिमा चासो राख्नेहरूले हेक्का राख्न सकुन हाम्रा कुकर्म र अर्कमण्यताका कारण राष्ट्रमा भाँडभैलो हुँदैछ । जात,भाषा,धर्मका कुरा गरेर समाजलाई बिभक्त गर्नेहरू गलत तरिका बाट आएको बिदेशीको पैसामा रमाएका छन । उनिहरूका असन्तुलित बिचारलाई नियन्त्ण गर्ने राज्यको निति छैन । राजनीतिको नाममा दलका नेताका ढोका चाहर्दै हिड्नेहरूले यो राष्ट्रको महत्व र गरिमालाई ओझेलमा पार्ने काम गरेका छन ।

नेपालका राजनीतिक दलहरूले नेपालको सत्तामा को बस्ने र को कति टिकी राख्ने भन्ने गलत शोचका आधारमा आफ्नो राजनीतिक धारणा बनाउने र बिदेशीहरू सँग पनि त्यही प्रकारको गलत सम्बन्ध र बिचार राख्नाले देश पुर्ण रूपमा पराधिन भएको छ । आत्मनिर्णय सहितको जातीय राज्य नेपाली जनताको माग थिएन । माग्नेहरूका माग जाहेज वा नाजायज जे भए पनि नेपाली जनताको मतका आधारमा भन्दा पनि परचक्रिहरूको गोप्य योजनाका आधारमा निर्माण हुने सत्ता र कुनै पनि सरकारले बिदेशीको प्रभावमा परेर राज्यलाई खण्डित गर्न सक्दैन । जस्ले आफ्नो विवेकको तागतमा आफ्नो देशको सत्ता चलाउन सक्दैनन् तिनिहरूलाई राज्य खण्डित गर्ने राजनीतिक अधिकार जनताले कसरी दिन सक्छन ?

आन्तरिक जनमतको अवमुल्यन गर्दै बाह्य शक्तिको आड लिने सवालमा सबै राजनीतिक दल उतिकै चुकेका छन । राज्य व्यवस्थाको नाम प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र आदि जे-जस्तो राखेपनि त्यो व्यवस्था सञ्चालनको विधी अथवा माध्यम मात्र हो । सबै कुराको समाधान नाम मात्रको व्यवस्थाले गर्न सक्दैन विवेकको प्रयोग गरिनु पर्दछ । जनताको शान्ति पुर्वक बाँच्न पाउने जन्मसिद्ध अधिकारलाई राजनीतिक दलका नेताहरूले आ-आफ्नो अधिनमा राखेर लोकतन्त्रको गफ गरिरहेका छन । जनताको ब्यवस्थामा यो गम्भिर अपराध मानिनु पर्दछ त्यो मानीएको छैन । राष्ट्रिय राजनीतिमा ब्याप्त दाश मानशिकताका कारण नेपाल राष्ट्रले यतिबेला बिश्व राजनीतिक रङ्गमन्चमा हारेको छ । बाह्यशक्तिहरूले पनि नेपालमा लोकतन्त्र स्थापना गर्न चाहेका होइनन् भन्ने कुरा तिनीहरूका पछिल्ला गतिबिधिहरूले प्रष्ट गरेको छ ।

दलका नेताहरूले देश र जनता प्रति गद्धारी गरेको हुनाले देशको माया हुनेहरू जुनसुकै विचारमा आबद्ध भएका हुन उनीहरूका मन भित्र आगो सल्केको छ । त्यो आगो निभायन दलका नेताहरू सक्षम देखिदैनन् । उनिहरूले जनताको भोख मात्र जगाई दिए समाधान दिन सक्ने राजनीतिक र नैतिक तागत देखिदैन । देश जलाउँने हर्कतलाई अव जनताले स्वीकार गर्न सक्दैनन् । दलका नेताहरू आफै स्वतन्त्र छैनन् उनीहरूले गर्ने कुनै पनि काम स्वतन्त्र हुन सक्दैन । सधै भरी देशलाई निचोरेर बाँच्ने दाउँमा रहेका नेताहरूले आफ्नो अनुहार जनताका सामु अब लुकाउँन सक्दैनन् । नेपालका नेताहरू कस्को कुरा सुनेर नेपालको राजनीति गर्दैछन भन्ने कुरा जनताले जानी सकेका छन । विदेशीले बोलाउँदा ससुराली गए जस्तो गरि रमाउनेहरू र विदेशीले भेट्दा शीर ठाडो गर्नेहरूको राजनीतिक तागत पनि जनताले देखिसकेका छन् ।

देश प्रति ममताहीन मानिसहरूका पछाडि सधैं नेपाली जनता लाग्न सक्दैनन् । जनताका अनगिन्ति आकाक्षाहरू थिए दलका नेताहरूले पुरा गर्न सकेनन् नत राष्ट्र बलियो बनाउँन सके । त्यतिमात्र होइन बारम्वार जनतालाई ढाँटने काम भयो । जनतालाई बिभक्त गराएर आफु मात्र बलियो बन्ने आम नेताको चरित्र उदाङ्गो भएको अवस्था छ । यस्तो अवस्थामा ईमान्दारी पुर्वक जनताका बीचमा प्रस्तुत हुन खोज्नेहरूका लागि पनि सजिलो छैन । जनताको बिश्वास राजनीतिक दलहरूले जित्न सकेनन् उनिहरू प्रति जनताले शंका गर्न थालेका छन् । बोली र ब्यवहार फरक फरक गर्नेहरूलाई जनताले लोकतन्त्र प्रति प्रतिबद्ध छन भनेर बिश्वास गर्न पनि सक्दैनन् । लोकतन्त्र कुनै निश्चित बर्गको हाली मुहाली गर्ने माध्यम हुँन सक्दैन भन्ने कुरा आम जनताले बुझेका छन ।

राजनीतिक दलका नेताहरू राष्ट्र र जनताका सामु यसरी किन प्रस्तुत भैरहेका छन कसैले भन्न सक्दैन । आफ्नो राजनीतिक जीवन र अस्तित्व धरापमा पारेर काम गर्ने भनेको सजिलो कुरा होइन तर दलका नेताहरू त्यो काम सजिलो ढङ्गले गरिरहेका छन । यस्को मुख्य कारण भनेको दलका नेताहरू बिदेशीका सामु आफ्नो मत राख्न सक्ने अवस्थामा छैनन अर्को तर्फ नेपाली जनता प्रति भरोसा पनि छैन । जनतालाई खुशि बनाएर मात्र नेपालको राजनीतिमा रजाई गर्न सकिदैन भन्ने कुरा दलका नेताहरूले जानेका छन । जनता त नेताहरूका बुझाईमा भनि खेल्ने विचारहीन बस्तु मात्र हुँन । राष्ट्रिय राजनीतिलाई दलका नेताहरूले हल्का ढङ्गले लिएका हुँनभने अव उनीहरू ढिलो चाँडो निस्कनै नसकिने गरि फन्दामा पर्नेछन । जस्ले उनीहरूलाई काँधमा बोकेर श्रीसस्थानमा पुऱ्यायो उसैले सबैको दुर्दशा गराउँदैछ भन्ने कुरा दलका नेताहरूले बुझ्न सकेनन् भने यो चुरिफुरी धेरै समय टिक्ने वाला छैन । सबैलाई चतना भया ।

yogianil20@yahoo.com

## घुँडा टेकाए खानेपानी व्यबसायीले

काठमाडौं । चारदिनदेखि खाने पानी आपूर्ती बन्द गराउँदै आएका पानी व्यबसायीहरूले सरकारले आफ्ना मागहरू सम्बोधन गर्ने भएपछि आन्दोलनका कार्यक्रम फिर्ता गरेका छन् । आइतबार पत्रकार सम्मेलनको आयोजना गरि उनीहरूले एक महिनाभित्र सरकारले आफूहरूका माग सम्बोधन गर्ने सर्तमा आन्दोलन फिर्ता लिइएको घोषणा गरेका हुन् । २० बुँदे माग अघि सारेका उनीहरूले उपभोक्ताको अधिकारलाई मध्यनजर गरी पानीको आपूर्ती सूचारू गरेको बताए ।

पत्रकार सम्मेलनमा खाने पानी संयूक्त संघर्ष समितिका संयोजक विष्णु दाहालले पानी अत्यावश्यक बस्तु भएपनि यसको ढुवानी र यसको व्यबसायीक प्रकृयामा अबरोध हुँदै आएका कारण आन्दोलन गर्नुपरेको बताउँदै उपभोक्तामा असर मार्ने नियत नभएको स्पष्ट पार्नुभयो । उहाँले आफूहरूका २० बुँदे माग सरकारले सम्बोधन गर्ने भएपछि आन्दोलन फिर्ता लिइएको बताउँदै अबका दिनमा आन्दोलन गर्न नपरोस भन्नुभयो । पीउने पानीमा भ्याट हटाइनुपर्ने, हरेक समय पानीको आपूर्ती खुल्ला गरिनुपर्ने, बन्द हड्ताल जस्ता समस्यामा पानीका गाडिमाथि भएका क्षतिको राज्यले क्षतिपूर्ती दिनुपर्ने जस्ता आफूहरूका मागमा सरकारले एकमहिना भित्र सम्बोधन गर्ने प्रतिबद्धता जनाएको उहाँले उल्लेख गर्नुभयो । पानीका बारेमा राज्यको उचित निति नभएकोले माग सम्बोधन गर्ने काममा पनि समय लागेको उहाँको भनाई थियो ।

# मधेश प्रदेशको अवधारणा के हो ?

**उपेन्द्र झा**

लामो समयदेखि राज्यविहीनताको पीडा भोग्दै आएको मधेश आफ्नो अधिकार लिन क्रान्तिकारी वीर सपूत जन्माएको छ भने सोभन्दा बढी अवसरवादी, व्यक्तिवादी राजनीतिक अगुवा हुर्काएको कारणले आज शहादत दिने वीर बलिदानी सपूतको रगत अवमूल्यन भएको छ । शहीदको सालिकमा फुलमाला चढाउने अवसरवादीबाहेक उनले देखाएको मार्गमा चल्ने विचारवान राजनीतिक शक्तिको अभावमा मधेश निराश बनेको छ । भेदभावको विरूद्ध आफनै धरातलबाट एकीकृत आवाज उठाउन मधेशको २४० वर्षको अनवरत प्रयास थियो । राज्यद्वारा विखण्डित पारिएको मधेशलाई आन्दोलनले भावनात्मक रूपमा सूत्रबद्ध गरि अखण्ड एकता प्रदर्शित गरेको थियो । यही एकता मधेश आन्दोलनको उत्कर्ष थियो र उपलब्धि पनि । मधेशको अखण्ड एकताबाहेक अधिकार लिन अरु कुनै विकल्प नरहेको मधेश आन्दोलनले यही शिक्षा दिएको थियो । मधेशको अखण्ड एकता नै समग्र मधेश एक प्रदेशको अवधारणालाई अगाडि बढायो । जूँकालाई नून हाले जस्तै राज्यलाई मधेश आन्दोलनबाट अभिव्यक्त माँगहरूमा आफनो पतनको कारण देखा पऱ्यो । यति सहज रूपमा मृत्यु कसले वरण गर्छ ? यहीँबाट राज्य मधेशमाथि खनिएको हो ।

एकताबद्ध मधेश, मधेशीमा अधिकार लिने बलिदानी उन्माद, माँगप्रतिको सशक्त आवाज यी सबैकुराको सामुन्ने राज्य सिर निहुँरायो । मधेश आन्दोलनको अगाडि सिर निहुँराउँदाको लज्जाबोधले राज्यलाई मधेशप्रति आक्रामक बनायो । जसरी मधेश एकीकृत रूपमा अधिकारको आवाज उठाएको थियो, त्यसरी नै सबै गैर मधेशी राजनीतिक दलहरु एकीकृत रूपमा मधेशको माँगको विरूद्ध सशक्त रूपमा योजना बनाउन थाले । २४० वर्षको राज्य संचालनमा अति खप्पिस भई सकेकाहरूको कूटनीतिक चाललाई मधेशका अवसरवादी राजनीतिक अगुवाहरूले बुझ्न सकेन । अतिशय लाभ दिने राज्यको कूटनीतिक चालमा परेर मधेशका सबै राजनीतिक दलहरु लाभका अवसर प्राप्त गर्न खण्डित हुँदै मधेशलाई कमजोर पारे । षडयन्त्रको योजनाको परिधिमा स्वतन्त्र रूपले कमाउन दिए पनि मधेशलाई त कमजोर पारे, यिनी पनि राज्यको गिर□तभन्दा टाढा छैन । मित्रवत् आलिंगनबद्ध गरि मधेशका दलहरूलाई सु–स्वादु भोजनबाट स्वागत सत्कार गर्ने राज्य अहिले आफू र मधेशबाट समेत आलोचनाको पात्र बनाएको छ । मधेशको जनादेश विपरित व्यक्तिवादी राजनीतिलाई अगाडि बढाउँदा मधेशमा पार्टीहरूप्रति जन्मिएको वितृष्णाले सबैको महत्व घटेको तथ्य आगामी चुनावले देखाउने नै छ ।

चरमोत्कर्षमा रहेको व्यक्तिवादी चरित्रले मधेशका राजनीतिक अगुवाहरूलाई मधेशहितका लागि एउटै धरातलमा उभिन कठीन बनाएको छ जो अरु राजनीतिक दलहरूलाई मधेशमा प्रभाव जमाउन सहायक सिद्ध भई रहेको छ । अर्थात् मधेशलाई अझ टुक्रा गरि साना साना कित्तामा बाँडेर मधेशलाई दीर्घकालसम्म आवाज उठाउन नसकोस् भन्ने स्थितिमा एमाओवादी, एमाले र काँग्रेसको योजना रहेको स्पष्ट छ । मधेश काँग्रेस, एमालेको वोट बैंक रहेको र विगत संविधान सभामा मधेशमा गुमेको साखलाई पुनर्स्थापित गर्न योजनाबद्ध रूपमा अगाडि बढी रहेका छन् । मधेशी जनतालाई आकर्षित गर्न यसपाली यिनीहरूलाई मधेशका राजनीतिक दलहरूको आलोचना नै पर्याप्त हुनेछ । त्यस्तै माओवादीले पनि मधेशबाट धपाइएको घटनालाई बिर्सेको छैन र मधेशमा आफनो आधार शिविर स्थापना गर्न योजनाबद्ध रूपमा तयार छन् । मधेशलाई चीरफार गर्ने अन्य राजनीतिक दलको योजनाले पनि मधेशका राजनीतिक अगुवाहरूलाई सम्बेदनशील बनाउन सकेको छैन । न मधेश आन्दोलनको मर्मले यसलाई प्रभावित गर्न सकेको छ । एकपल्ट स्वर्गमा खुट्टा टेक्दा आफूलाई महाप्रभु ठान्ने यि राजनीतिक अगुवाहरूको राजनीतिक चिन्तन कति तल रहेको छ भन्ने कुरा स्पष्ट देखाई रहेको छ । विगतमा भैँ यिनीहरूको विध्वंशक गतिविधिमा अहिले पनि कुनै सुधार नआउनु व्यक्तिवादी चरित्रको चरमोत्कर्ष नै हो । यो विध्वंशक चरित्रले मधेशलाई कदापि हित गर्दैन । बरु ठूलो नभए फूटपाथमा नाङ्लो पसल राखेर पनि व्यापार चलाउने योजनामा छन् मधेशका दलहरु ।

मधेशका दलहरुलाई मधेश मुद्दाप्रति गम्भीर बनाउन छलफलका लागि तराई मधेश लोकतान्त्रिक पार्टीले यही ज्येष्ठ ११ गते अमृतभोगमा चियापान कार्यक्रममा भेला हुन आमन्त्रित गरेको थियो । यसमा मधेशका साना पार्टी (संविधान सभाभन्दा बाहिरका) लगायत ठूला दलहरु पनि आमन्त्रित थिए । हुनत यसमा ब्राण्ड पार्टीका महाप्रभूहरूको अनुपस्थिति रहे पनि मधेशको हित चिन्तनका लागि तमलोपाको यो प्रशंसनीय प्रयास थियो । पारस्परिक तिक्ततालाई चिर्दै महन्थ ठाकुरले सबैलाई एक ठाउँमा उभ्याउने दुस्साहस देखाउनु भयो यो धेरै सराहनीय छ र यसले मधेशमा राम्रो सन्देश पनि दिएको छ । यस्तो प्रयासलाई अझ निरन्तरता दिई सार्थक निष्कर्षमा पुऱ्याउनु मधेश चिन्तकको दायित्व पनि हो । यस्तो प्रयासबाट मृतप्राय भएको मधेशको अधिकार आन्दोलनका लागि एकातिर यदि संजीवनी प्राप्त हुन्छ भने चुनावका लागि पनि एउटा सशक्त बल तयार हुन्छ । मधेशको नाममा राजनीति गर्नेहरूले मधेशका लागि पनि न्यून नैतिकता दर्शाउँदा मधेशको हित हुने भएकोले यस सत्कर्ममा उन्मुख गराउने प्रयासको खाँचो रहेको अवस्थामा यस तर्फ पाइला सार्ने महन्थ ठाकुरजीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

समयलाई आफनो अनुकूल बनाउँदै राज्यले मधेशको मुद्दालाई नियतबश पछाडि धकेल्दै आउँदा निश्चय पनि मधेशलाई पुनश्चः आन्दोलनमा धकेल्ने प्रयास गरेको छ र मधेशको यो प्रयास सफल नहोस् भनेर मधेशलाई टुक्रा–टुक्रा पार्ने षड्यन्त्र पनि गरेको छ । मधेशमा ल्याइएको व्यापक जन असन्तोषमा मधेशका दलहरूको चिन्ताको बिषय हुनु पर्दथ्यो, तर यसप्रति दलहरु भने गम्भीर देखिई रहेको छैन । तमलोपाले थालेको प्रयास जारी राख्नु पर्छ । कति हदसम्म यो मोर्चा बन्न सक्छ, उपलब्धि नै मान्न सकिन्छ । तमलोपाले जारी राखेको यो प्रयास मधेशको घाउमा मलहम लगाउने काम भने अवश्य गर्छ । चुनाव होस् अथवा नहोस् मधेशका महाप्रभू दलहरूले आफूमात्र बढी सीट ल्याएर ठूलो बन्ने र राज्यको भाग खाने सिमित चाहना राखेकाले यसले मधेशको अभिभारा पूरा गर्न सक्दैन । सिद्धान्त र विचारलाई आफनो व्यक्तिगत स्वार्थमा उपयोग गर्ने यी दलहरु व्यावसायिक मानसिकता बनाएकाले पनि मधेशको अधिकारबारे चिन्तन गर्ने यसको अधिकार क्षेत्रभित्र पर्दैन । जसले यसबारे चिन्ता राख्छ, उसैले यो अभिभारा पूरा गर्न सक्दछ ।

देशमा एकातिर संविधान सभा चुनावको घोषणा गरिएको छ भने अर्कोतिर चार दलीय संयन्त्रले फैलाई रहेको राजनीतिक प्रदूषणले आन्दोलनको रूप लिई रहेको अवस्था छ । यस्तो विरोधाभासको अवस्थामा चुनाव पनि सहज रूपमा सम्पन्न हुने छाँट छैन । चार दलीय संयन्त्रले ल्याएको राजनीतिक अराजकता पराकाष्ठामा जान लागेको हो । मोहन वैद्यको ३३ दलीय गठबन्धनले गरेको आन्दोलन प्रभावकारी हुन नसकेकोले पनि चार दलीय संयन्त्रलाई उन्मादित बनाएको छ । "यो आन्दोलनलाई जतिबेला पनि म म्यानेज गर्न सक्छु" भन्ने आश प्रचण्डमा हुन सक्दछ । यही विश्वासको भरमा उनले आन्दोलनलाई खासै महत्व नदिएको हुन सक्दछ । आन्दोलनलाई नजीकबाट नियाली रहेका अरु पनि धेरै आन्दोलनकारी शक्तिहरु यसको प्रभावकारितामाथि शंका गर्दै प्रतीक्षारत् छन् । चुनावभन्दा पूर्व प्रचण्डले यो आन्दोलनलाई शान्त पार्न सकेन भने फेरि सबै शक्ति मिलेर यो निर्णायक आन्दोलनको रूप लिनेछ । यो निर्णायक आन्दोलनले कसलाई कहाँ लाने भन्ने कुरा सहज रूपमा भन्न कठीन छ । संविधान सभाको चुनाव गराउने नाममा अघि सारिएका जतिसुकै षडयन्त्रका योजनाहरु सबै भताभुँग हुने सम्भावना पनि उत्तिकै प्रबल छ । राजनीतिमा जित्यो भने शीर्ष स्थानमा होइन भने पातालमा जाने सम्भावना रहेकोले आउने दिनको परिणाम भाग्नै पर्ने हुन्छ । विधी विधानलाई मासेर गरेको राजनीतिक हस्तक्षेप र सोबाट उब्जिएको असन्तुष्टता र आक्रोश समय पर्खि रहेको कुरालाई नजर अन्दाज गर्न मिल्दैन । समग्रमा अराजक स्तिथिमा रहेको राजनीतिक अवस्थाले सहज निकाश दिन कठीन छ । *(मधेश दर्पण फिचर सेवा)*

## गिरोहको आदेश...

जातजातिको आधारमा संघीय प्रदेशहरू ग्ठन गर्ने हो भने दुई लाख जनसंख्या भएका १९ जातजातिका लागि २३ वटा प्रदेशहरू चाहिने देखिन्छ । बहुसंख्यक जातजातिलाई खुसी पार्न र आफ्नो भोटबैंक सुरक्षित गर्नका लागि प्रदेशहरू गठन गरिए त्यसले जनता जनताबीच मारकाटको अवस्था सिर्जना हुने र बहुसंख्यकले अल्पसंख्यकलाई होच्याउने, अपमान गर्ने अवस्था आउने भएको हुनाले कुनै हालतमा पनि जातजातिका नाम वा थरबाट प्रदेशहरू बनाइनु उपयुक्त हुँदैन ।

अहिले मुलुकलाई चार दलको विर्ता वा पेवा जस्तो बनाइने प्रयास गरिएको हुनाले समस्याको जड नै त्यही भएको विस्तारै प्रमाणित हुँदै गएको छ । सरुवा, बढुवा, नियुक्तिमा यिनै चार दलले भागवण्डा गरेर आ–आफ्ना कार्यकर्ताहरूलाई नियुक्त गर्ने गरेका हुनाले सक्षम र योग्य व्यक्तिहरू पाखा लागेका छन् । न्याय क्षेत्रमा समेत दलीय भागवण्डा गरेर न्यायाधीशहरुको नियुक्ति गरिनु नेपाल र नेपाली जनताको लागि दुर्भाग्यको विषय हो । पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेला प्रत्येक क्षेत्रमा राजनीतिक हस्तक्षेप गर्ने प्रयास गरे, आफू संरक्षक रहेको संस्थामा समेत उनले नियुक्ति गरे अर्थात् त्यसबेला एक दलीय अधिनायकवादी तानाशाही प्रवृति हावी भएको थियो भने अहिले चारदलीय तानाशाही प्रवृत्ति हावी भएको छ । त्यही चार दलीय तानाशाही प्रवृत्तिको विरूद्धमा उत्रने अन्य राजनीतिक दलहरूलाई जबर्जस्ती रूपमा निर्वाचन विरोधीको सज्ञा दिइँदैछ, त्यो किमार्थ होइन । कुनै पनि राजनीतिक दललाई निषेध गरेर अगाडि बढिएको अवस्थामा त्यसले कसैलाई क्षणिक फाइदा पुग्ने भए पनि देश विकास र जनताको हितमा त्यो उचित मान्न सकिँदैन । निर्वाचन नभएको अवस्थामा सबै दलहरुको अस्तित्व समान हुन्छ अर्थात् मतदान गर्नुपर्ने अवस्था आएमा अहिलेका ठूला दल भनिएका कथित दलको पनि एक मत हुने र अन्य साना दलको पनि त्यही एक मत हुने हुनाले सबै दलको अस्तित्व समान हो भनेर यहाँ प्रष्ट पार्न खोजिएको हो । पछिल्लो समयमा चार दलीय सिन्डिकेटले चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरेर भूमिगत गिरोहको भूमिका निभाइरहेका छन् । चार दलको सहमति बाहेक रेग्मी सरकारले सिन्कोसम्म भाँच्न नसक्ने अवस्था रहेको हुनाले रेग्मी सरकारलाई भूमिगत गिरोहको सरकार भनिएको हो ।

नेपालको अन्तरिम संविधानले परिकल्पना नै नगरेको र संविधानले चिन्दै नचिनेका व्यक्तिको नेतृत्वमा सरकार गठन गर्नु चार दलको भूल मात्र नभएर महाभूल हो । दलहरूले आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउन र फेरि जनतालाई ढाँट्नका लागि सजिलो बाटो अपनाएर खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन गरेका भए पनि त्यो सबै डिजाइन भने छिमेकी मुलुक भारतकै निर्देशनमा भएको रहस्य केही दलका नेताहरूले खोलिदिएका छन् । संसद् नभएको अवस्थामा जनताले न्याय पाउने एकमात्र सवैधानिक निकाय सर्वोच्च अदालतसमेत राजनीतिक दलहरुको कपोभाजनको शिकार भएको छ । हिजो आफैँले निर्णय सुनाएका फैसलाहरुको कार्यान्वयन गराउन रेग्मीले कुनै चासो देखाएका छैनन् । हिजो अदालतको निर्णय सरकारले स्वीकार्नुबाहेक अन्य विकल्प सरकारसँग नरहेको जिकिर गर्ने रेग्मी अहिले आफैँ सरकारप्रमुख भएको बेला निर्णयहरू कार्यान्वयन गर्न किन हिचकिचाइरहेका छन् ? उनलाई कसले रोकेको छ । यसको उत्तर सहज छ, चार दलीय सिन्डिकेटले उनलाई आदेश नदिएसम्म उनी कार्यान्वयन गर्न सक्ने अवस्थामा छैनन् । चार दलीय सिन्डिकेटले भूमिगत गिरोहको जस्तो गरेर सरकारलाई आफ्नो नियन्त्रणमा राखेको हुनाले रेग्मी बाहिरबाट बलिया देखिए पनि उनको अस्तित्व भनेको गिरोहको आदेश पालना गर्ने मात्र हो । संविधान, ऐन कानुनलाई मिचेर रेग्मी सरकारले कतिपय निर्णयहरु गरेका हुनाले अब त्यस्ता संविधान, ऐन कानुनविरोधी व्यक्ति कुनै हालतमा पनि सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुन नसक्ने भएको हुनाले अविलम्ब उनले प्रधानन्यायाधीशबाट राजीनामा दिएर निर्वाचनको वातावरण बनाउनु नै स्वयम् रेग्मीको हितमा हुनेछ ।

devendrachudal@gmail.com

# आधा शताब्दीपछि महिलाले मतदान गरे

*इरफान अहमद*

मियानवाली, पाकिस्तान। सत्तरी वर्षकी गुलाम फतिमाका निम्ति मे ११ मा सम्पन्न आमचुनाव पाकिस्तानमा भएका अरू चुनावभन्दा पृथक थियो। आफ्नो जीवनमा पहिलोपटक उनी निर्वाचनका दिन घरबाहिर निस्किन् र पाइखेलस्थित युनियन परिषद्मा रहेको मतदान केन्द्रमा अरू मानिसहरूसँगै मतदानका निम्ति गइन्। उनको मतदान केन्द्र रहेको पाइखेल परिषद् उत्तरपश्चिम पञ्जाब प्रान्तको मियानवाली जिल्लामा पर्दछ।

यो समुदायका फतिमा समेतका झण्डै ६,००० योग्य मतदाता महिला आधा शताब्दीसम्म मतदान गर्नबाट बन्चित भएका थिए। नियाजी आदिवासीको बाहुल्यता रहेको यो क्षेत्रमा उनीहरूको मतदानको अधिकार सन् १९६३ मा समाप्त पारिएको थियो, र नियाजीहरूले नै परम्परागत मूल्यमान्यतालाई सम्मान गर्नुपर्ने जनाउँदै महिलालाई मतदानको अधिकारबाट बन्चित गराएका थिए।

सहभागितामूलक सबलीकरण संगठन (एसपीओ) मा राष्ट्रिय पैरवी समूहका कार्यक्रम विज्ञ शाजिया बासिरका अनुसार स्थानीय पुरूष नेताहरु मतदान केन्द्रहरूमा महिलाहरु देखिनु अशोभनीय हुन्छ भन्नेमा एकमत छन् र मतदान केन्द्रमा पुगेका महिलालाई उनीहरु फरक दृष्टिबाट हेर्छन्। उनीहरु मतपेटिका रहेका ठाउँमा महिलाले कुराकानी गरेको पनि त्यति रूचाउँदैनन्, बासिरले आईपीएसलाई बताइन्।

आदिवासी नेताहरूले यो क्षेत्रमा निकै प्रभुत्व कायम गरेका छन्। जिर्गा नामको स्थानीय न्यायिक प्रणालीले अदालतको सट्टामा काम गर्दछ, र समुदायमा कमै मात्र राजनीतिक दलका नेताहरूको राम्रो उपस्थिति छ। यसरी, स्थानीय अधिकारकर्मीको निकै ठूलो प्रयासपछि विगतदेखिको यो प्रतिबन्ध फुकुवा भएको हो। यो प्रतिबन्ध डिसेम्बर २०१२ मा सबै सरोकारवालाहरुको सामूहिक छलफलपछि फुकुवा भएको हो। फतिमाको भनाइमा विगतमा मतदान गर्न हुँदैन भन्ने मान्यता राख्ने उनका छोराले यस वर्ष आफूलाई पनि मतदान केन्द्रसम्म पुऱ्याएका थिए। उनलाई मतदानको प्रक्रियाका बारेमा विल्कुलै थाहा थिएन।

गैससहरूले महिलालाई मतदानको प्रक्रियामा सामेल गराउन प्रतिबद्धता जनाएर मतदान शिक्षाका लागि व्यावहारिक तालिम दिएका थिए, तर उनीहरूले गहिरोरूपमा जरा गाडेको पुरूषवादी चिन्तनका कारण समस्या भेल्नु परिरहेको छ।

पाइखेलमा महिलाका लागि प्रौढ शिक्षा केन्द्र खोल्ने एसपीओको पटकपटकको प्रयत्नलाई स्थानीयवासीले सन् २००९ देखि नै अबरोध गरिआएका थिए। कक्षामा सहभागी रहेका कम्तीमा २५ जनामध्ये दुई वा तीन जना महिला हुन्थे। यद्यपि, एसपीओका कार्यकर्ताहरु महिलालाई आफ्ना अधिकार स्थापित गराउने प्रतिबद्धतामा अडिग थिए। वर्षौंदेखि महिलाहरूले आफूमाथिका प्रतिबन्धहरु फुकुवा गर्न प्रयत्न गरेका थिए। उनीहरु विरोधस्वरूप मतदानको अधिकारसम्बन्धी कार्यक्रममा सहभागी नहुने र आफ्ना घरमा एसपीओका अधिकारकर्मीहरूलाई घरमै छिर्न नदिनेसम्मका प्रतिरोध अभियानमा सामेल भएका थिए।

शाजिया आफूले यथास्थिति नै रूचाउने केही स्थानीयवासीबाट हत्याको धम्की पनि पाएको बताउँछिन्, तर उनी आफ्नो लक्ष्यमा अडिग थिइन्। अन्ततः यो अभियानले पुरूषहरूप्रति आफ्नो ध्यान आकर्षित गऱ्यो र समाजको एउटा ठूलो तप्कालाई चुनावी प्रक्रियाबाट अलग राख्दा हुने बेफाइदाका बारेमा पुरूषहरूलाई जानकारी गराउने निधोमा पुग्यो। मूलधारका राजनीतिक दलहरूबाट खासै महत्व नदिइएको मियानवालीलाई सरकारले पनि खासै ध्यान नदिएको प्रतीत भइरहेको थियो, अल रहमान कल्याण विकास समाजका सभापति मुहम्मद जियाउल्लाह भन्छन्।

यहाँका ४,००० घरधुरीका निम्ति एउटा मात्र स्वास्थ्य चौकी, एउटा औषधि पसल र केटाहरूका निम्ति मात्र दुईवटा माध्यमिक विद्यालय रहेका छन्, उनले आईपीएसलाई बताए। यहाँ केटीहरूका निम्ति माध्यमिक विद्यालय छैन, केटा वा केटी छात्रछात्राका निम्ति त उच्च माध्यमिक तह पढाइ हुने विद्यालयको पनि अभाव छ।

यहाँको रोजगारी स-सानो कृषि उत्पादन, अदक्ष श्रम र मौरीपालनमा निर्भर छ, र यहाँका परिवारको आय औसतमा मासिक ३० देखि ५० डलर मात्र छ।

बालबालिकालाई अभिभावकको आयआर्जनका काममा सघाउन बाध्य पारिएको छ, प्रायः उनीहरूलाई गाडी मर्मत केन्द्रमा सहायक मेकानिक वा चिया पसलमा सहयोगीका रूपमा काममा लगाइन्छ। अपर्याप्त स्वास्थ्य र शिक्षाका असुविधाहरूले गरिबीको यो चक्रलाई निरन्तरता दिइरहेको छ। मतदाता सहभागितालाई प्रबर्द्धन गर्ने प्रयत्नस्वरूप अधिकारकर्मीहरूले कल्याणकारी केन्द्रहरु अर्थात् जकात समितिहरूलाई पुनर्स्थापित गर्न प्रभावशाली जिल्ला निर्देशन समितिहरु (डिएससी) लाई आग्रह गरेका छन्। यी समितिले अति आवश्यकतामा परेकाहरूलाई मद्दत गर्न रकमको जोहो गर्न सक्ने क्षमता राख्छन्।

एसपीओ क्षेत्रीय प्रमुख सल्मान अबिदले सरकारबाट प्राप्त हुन थालेको रकमले राजनीतिक मूलधारमा रहनुका फाइदाहरु बुझ्न स्थानीयवासीलाई मद्दत गरेको आईपीएसलाई बताए। "उनीहरूले हामीलाई गम्भीरतापूर्वक सुन्न थालेका छन्।" सरकारी सहयोग र आर्थिक सहायता प्राप्त गर्न महिलालाई मतदानको अधिकार दिनुपर्छ भन्ने प्रचार गर्न अधिकारकर्मीहरूलाई सहज भएको छ।

डिसेम्बर १२, २०१२ सम्ममा अग्रणी राजनीतिक पार्टीहरु जस्तै पाकिस्तान मुस्लिम लिग (पीएमएल-एन), पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) र पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) सँग नजिक रहेका आदिवासी प्रमुखहरुले महिलालाई मतदान गर्नबाट विगतमा गरिएको प्रतिबन्ध फुकुवा गरेका थिए। खासगरी, विगत ५० वर्षदेखि प्रतिबन्धको पक्षमा वकालत गरिआएकाहरूबाटै प्रतिबन्ध फुकुवा गराउन पहल भएको थियो।

एकजना आदिवासी प्रमुख राजा-उल-मुस्तफाले गत डिसेम्बरमा आयोजित बैठकमा आफ्नै पत्नीले पहिलो मतदान गर्ने घोषणा गरेका थिए। उनका हजुरबुबाले नै यो प्रतिबन्ध लगाउन प्रमुख भूमिका निर्वाह गरेका थिए। उनले अहिले पीटीआईको टिकट लिएर यसपटक चुनावमा भाग लिएका छन्।

आफ्ना प्रयत्नहरुको प्रचारप्रसारमा सघाउन स्थानीय अधिकारकर्मीहरूले पाइखेलको मुख्य स्थान अर्थात् केन्द्रीय वस स्टेसन र रिक्सा स्ट्यान्डको बीचमा ठूलो बोर्ड राखेका थिए। उनीहरूले महिलाले मतदानको अधिकार पाउनुपर्छ भन्ने मान्यता राख्ने समुदायका पुरूष सदस्यहरूलाई हस्ताक्षर गर्न आग्रह गरेका थिए।

पाकिस्तान चुनाव आयोगले बढीमा दुई किलोमिटरको दूरीमा महिला-मात्रका लागि मतदान केन्द्र राख्ने प्रतिबद्धता जनाएको थियो, अबिद भन्छन्। दुई बच्चाकी अधवैंसे आमा जैतुन बिबी परिवर्तनका पक्षमा उभिन पाउँदा आफूलाई खुसी लागेको बताउँछिन्। "ठूलाहरूले परम्पराको विपक्षमा हुने भन्दै चुनावमा भाग लिनबाट हामीलाई विगतमा बन्चित गरेका थिए, तर यसपटक हामी मतदानमा भाग लिन्छौं किनभने यस सम्बन्धमा सर्वसम्मति भइसकेको छ," उनले बताइन्।

तर अरूको भनाइमा यो निकै महत्वपूर्ण परिवर्तन हो। अबिदका अनुसार यसले पाकिस्तानका अरू क्षेत्रमा पनि महिलाहरूको मतदानमा सहभागिता बढाउनेतर्फ असर पार्नेछ। उनी महिलाको न्यून सहभागिता रहेका पञ्जावका आटोक, चकवाल, सारगोढा र झाङजस्ता जिल्लाहरूको उदाहरण दिन्छन्।

"पाइखेलको निर्णय ऐतिहासिक छ र यसलाई अन्यत्र अनुकरण गर्न पनि सकिन्छ," उनले बताए। "यस्तै किसिमका बलिया निर्णयहरु यहाँ गर्न सकिन्छ भने अन्यत्र किन नसक्नु ?" साँच्चिकै, देशभर खुलेका धेरै महिलावादी अधिकार समूहहरूले मे ११ मा भएको आमनिर्वाचनका दिन महिला मतदाताको सुरक्षा गर्न परिचालित भएका थिए। सन् २००८ को चुनावमा महिलालाई मतदान गर्नबाट बन्चित गर्ने उद्देश्यले मतदान केन्द्रमा आगो लगाइएका घटना मानिसका दिमागमा अद्यापि ताजै छ।

विश्लेषकहरुले पाकिस्तान निर्वाचन आयोगले मतदान गर्ने व्यक्तिमाथि अनाहकमा प्रभावित तुल्याए सन् १९७६ को निर्वाचनसम्बन्धी ऐन मुताबिक कारबाही गर्नेगरी सूचना जारी गर्नु सकारात्मक रहेको बताएका छन्। ऐनमा त्यस्तो कार्य गर्नेमाथि एक वर्षको जेल सजाय वा दण्डजरिवाना हुन सक्ने व्यवस्था छ।

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडीपी) का चुनाव पर्यवेक्षक कासिफ नवाबले महिलालाई मतदान गर्नबाट बन्चित गर्नु पनि यही वर्गभित्र पर्ने बताए। नवाबको कर्तव्य नै निर्वाचन आयोगले जारी गरेको चुनावी आचारसंहिताको उल्लङ्घन भए-नभएको रिपोर्टिङ गर्ने थियो। उनको भनाइमा पञ्जावको आटोक जिल्लामा आफूले हालै गरेको भ्रमणताका मे ११ को चुनावमा महिलालाई घरमै बस्न धार्मिक समूहहरूले मनाउने प्रयत्न गरिरहेको पाइएको थियो। उनको निरीक्षणका आधारमा जिल्ला निर्वाचन आयुक्तले यस्तो कार्यमा संलग्न समूहहरूलाई त्यसो नगर्न चेतावनी दिएको थियो।

पाइखेलमा एसपीओले सम्भाव्य हिंसाका सम्बन्धमा निरीक्षण र रिपोर्ट गर्न स्थानीयरूपमा कार्यदल गठन गरी महिलालाई मतदानमा सहभागी गराउने सुनिश्चितता प्रदान गरेको थियो। संस्थामा आबद्ध स्वयमसेवीहरूलाई सयौं घरमा पुगी महिलालाई मतदान गर्ने तरिका सिकाएका थिए।

महिला मतदातालाई मतदानमा सहभागी गराउन नसोचिएका ठाउँबाट पनि सहयोग प्राप्त भएको थियो। महिलाले मतदानमा भाग लिनु हुँदैन भनी प्रचार गर्ने उलेमा परिषद्ले गत महिना नै महिला समेतका सबैले मतदान गर्नु ईस्लामको जिम्मेवारी रहेको र मतदान नगर्नु पाप हो भनी उर्दी जारी गरेको थियो।

*(आई.पी.एस./एन.पी.आई.)*

## सशस्त्र प्रहरी परिवार महिला संघको बाह्रौं वार्षिकोत्सव

काठमाडौं। महिला बालबालिका तथा समाज कल्याण र भूमी सुधार व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानले सशस्त्र प्रहरी परिवार महिला संघको बाह्रौं बार्षिकोत्सवको अवसरमा संघद्वारा असार १७ गते नेपाल एपीएफ क्लब हल्चोकमा आयोजित विशेष समारोहको पानसमा द्विप प्रज्वलन गरी उद्घाटन गर्नुभयो। सो अवसरमा प्रमुख अतिथि समक्ष संघकी अध्यक्ष श्रीमती ई. रमा वन्तले ब्याज, कार्यक्रम पुस्तिका तथा संघको बार्षिक प्रकाशन 'अग्रणी' प्रस्तुत गरिन्।

यसैगरी संघकी उपाध्यक्षहरू श्रीमती सुरक्षा श्रेष्ठ, श्रीमती भावना भट्टराई, श्रीमती मुना थापा र श्रीमती राधादेवी तामाङले कार्यक्रममा विशिष्ट अतिथिहरूमा कार्यक्रम पुस्तिका तथा 'अग्रणी' प्रकाशन प्रस्तुत गर्नुभयो। कार्यक्रमकी प्रमुख अतिथि मन्त्री प्रधानले त्यसअवसरमा विगतमा संघको नेतृत्व गर्दै समाज सेवाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका संघका पूर्व अध्यक्षहरू कल्पना थापा, शान्ति वली, रत्ना वस्नेत, दिपा लामा र डा. अनारकली श्रेष्ठलाई सम्झनाको चिनोसहित सम्मान गर्नुभयो। मन्त्री प्रधानले त्यसअवसरमा विभिन्न सामाजिक संस्थामा रहेर समाज सेवाको क्षेत्रमा निरन्तर कृयाशिल महानुभावहरूलई सम्मान गर्नुका साथै सशस्त्र प्रहरी बलका विभिन्न इकाईमा रहेर वर्षभरी उत्कृष्ट कार्य गर्ने एपीएफ अधिकृत तथा जवानहरूलाई प्रसंशापत्र प्रदान गर्नुभयो।

उहाँले नेपाल एपीएफ स्कुलका उत्कृष्ट शिक्षिका सपना गुरूङलाई प्रसंशापत्र प्रदान गर्नुभयो। सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघमा आवद्ध रही २०६८ सालको प्रवेशिका परिक्षामा उत्तीर्ण गरेका शारीरिक रूपमा अशक्त छात्राहरूलाई नुडुप श्रेष्ठ छात्रबृत्ती कोषद्वारा छात्रबृत्ती स्वरूप प्रदान गरिएको नगद दश हजार रूपैयाँ राशीको छात्रबृत्ती तथा प्रमाणपत्र र शब्दकोष प्रदान गर्नुभयो।

सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती ई. रमा वन्तले सो कार्यक्रममा वीरगति प्राप्त तथा बहालवाला सशस्त्र प्रहरी कर्मचारीका जेहेन्दार छात्रछात्राहरू, नेपाल एपीएफ स्कुलका छात्रछात्राहरू र संघद्वारा निःशुल्क अध्ययन गराइएका द स्काई लार्क ईभरूङ्गीलस स्कुल धापासीमा अध्ययनरत उत्कृष्ट अंक ल्याउने छात्राहरूसहित कूल २६ जनालाई छात्रबृत्ती स्वरूप जनही दश/दश हजार रूपैयाँ तथा प्रमाण पत्र र शब्दकोष प्रदान गर्नुभयो। त्यसअवसरमा मन्त्री प्रधानले ड्युटीमा रहेका सशस्त्र प्रहरी कर्मचारीले घरमा समय दिन नभ्याउने भएकोले घर व्यवहार मिलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सशस्त्र प्रहरी कर्मचारीहरूका धर्मपत्नीहरू समाज सेवामा संगठित भई सकृय रहनु महत्वपूर्ण कुरा भएको बताउनुभयो।

संघले स्वरोजगार तालिम संचालन गरेको जानकारी पाउँदा खुशी लागेको उल्लेख गर्नुहुँदै उहाँले संघले परोपकारका क्षेत्रमा योगदान पुऱ्याउँदै गरेका कार्यहरू सराहनीय रहेको बताउनुभयो। मन्त्री प्रधानले समाजमा छरिएर रहेका नागरिकहरूले अझै बढी लाभ प्राप्त गर्ने ढंगले संघ अझै बढी सकृय रहने विश्वास व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती ई.रमा वन्तले धन्यवाद ज्ञापनको क्रममा समाजसेवाका विभिन्न क्षेत्रहरूको पहिचान गर्नै लक्ष्यीत उद्देश्य प्राप्तीका लागि संघले प्रयास गरिरहेको तथा संघका कामकारवाहीलाई समयानुकुल परिस्कृत तथा परिमार्जन गर्दै संघ अगाडी बढिरहेको कुरा बताउनुभयो। उहाँले संघले अन्य सामाजिक संघ संस्थाहरूसँग समन्वय गरी सेवामूलक एवं विभिन्न राहतका कार्यक्रमहरू संचालन गर्दै स्वास्थ्य, शिक्षा, सरसफाई तथा बातावरण संरक्षणको क्षेत्रमा समेत योगदान पुऱ्याई रहेको उल्लेख गर्नुभयो। संघकी अध्यक्ष वन्तले संघले विगतदेखि नै सिमान्तकृत चेपाङ समुदायका, पिछडीएका जाती, मधेसी, दलित तथा बादी समुदायका बालिकाहरूलाई समेत अध्ययनको व्यवस्था मिलाएको चर्चा गर्नुहुँदै संघले जनचेतनामूलक कार्यक्रम तथा सामाजिक कार्य र सहयोगका क्षेत्रहरूमा पूर्णरूपमा समर्पित रहने कुरा समेत उल्लेख गर्नुभयो। कार्यक्रममा संघकी सदस्य सचिव श्रीमती बिना गुरूङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

### नेपाली सेनामा...

निर्वाचन भाँड्ने र भाँड्नका लागि हतियार उठाउन परे पनि उठाउने निर्णय गरेपछि प्रचण्डसहितको सिण्डिकेटले सेना प्रयोग गरेर भए पनि निर्वाचन गराइछाड्ने रणनीतिमा विचार गर्न थालेका छन् । प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेति र मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले असन्तुष्टहरू सहभागी भएनन् भने निर्वाचन गर्न नसकिने भन्दै वातावरण बनाउन सिण्डिकेट संयन्त्रलाई जानकारी गराएको थाहा पाएका प्रधानसेनापतिले आफ्नो सैनिक कोटरीमा 'अब मेरो पालो' भन्न थालेको थाहा भएको छ । आफ्ना कोटरीका सदस्यहरूलाई बबरमहलको एउटा होटलमा टिल्ल परेपछि गौरव शमशेर जबराले 'प्रधानन्यायाधीश मन्त्रिपरिषद्का अध्यक्ष हुनमिल्छ भने प्रधानसेनापति किन नमिल्ने ?' भनेको सुन्नेहरूले बताएका छन् । यसपछि राजनीतिक वृत्तमा इतिहासमै नभएको नेपाली सेनाभित्र पनि राजनीतिक चस्का पसेछ भन्न थालेका छन् ।

### वैद्यको...

होइन मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीमाथिसमेत 'राष्ट्रिय सहमति' निर्णय गर्न नैतिक दबाब सिर्जना भएको छ । ४ दलमात्र राष्ट्रिय दल होइनन् भन्ने प्रश्नले अन्य साना दलहरूसमेत सलबलाएका छन् ।

नेकपा-माओवादीले ११ बुँदे सहमति र २५ बुँदे वाधा अड्काउको खारेजी, खिलराजको राजीनामा, गोलमेच सम्मेलन, मंसिर ४ को निर्वाचन सार्ने र राजनीतिक नेतृत्वमा सरकार गठन र निर्वाचनको सर्त अघि सारेको छ । नेकपा-माओवादीको हतियार उठाउनेसम्मको कडा निर्णयपछि निर्वाचन आयोग र मन्त्रिपरिषद्को वैठकमासमेत 'निर्वाचन हुन नसक्ने' निचोड निकालिएको छ । एकपटक फेरि निर्वाचन सम्भव गर्दिनका लागि राष्ट्रिय सहमति निर्माणको दायित्व सिन्डिकेट माथि आएको छ । यस घटनाले सिन्डिकेटमा वैद्य र उपेन्द्रलाई सामेल गराउने र समानुपातिक सिट बढाउने सवालसमेत तुहिन पुगेको छ ।

४ शीर्ष दलले निषेधको राजनीति नत्यागे निर्वाचन नहुने मात्र होइन-सहमतिको सरकार गठन गर्न पूर्वराजा, असन्तुष्ट दलहरूलाई समेत सहभागी गराएर बाटो सुरु गरिहाल्नुपर्ने स्थिति सिर्जना हुन पुगेको छ ।

### निर्वाचन हुने...

त्यसले उत्पन्न गर्न सक्ने समस्याहरूको बारेमा रेग्मीले राम्ररी नै बुझेका छन् । त्यसैले उनले चार दलिए सिन्डीकेटका नेताहरूलाई पटक पटक असन्तुष्ट पक्षलाई सहमतिमा ल्याउन आग्रह गरेका हुन् ।

नेकपा-माओवादीले निर्वाचनमा भाग नलिए त्यसले कुनै असर नपर्ने एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल लगाएतका अन्य नेताहरूको भित्रि रहस्य र चलखेल बुझेपछि रेग्मीले असन्तुष्ट पक्षलाई सहमतीमा ल्याउन दाहाललाई दवाव दिएका हुन् । भेटमा रेग्मीले अध्यक्ष दाहाललाई तपाइको विशेष भुमिका छ, त्यसैले तपाईले नै असन्तुष्ट पक्षलाई सहमतीमा ल्याउन विशेष पहल गर्नुपर्ने भन्दै एक प्रकारले ठाडो दवाव दिएका छन् । सो अवसरमा अध्यक्ष दाहालले नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यलाई सहमतीमा ल्याउन आफूले प्रयास गरिरहेको बताउदै नेकपा-माओवादीको बैठकको निर्णयपछि आफूले के गर्ने, के नगर्ने भन्दै बैठकको निर्णयको प्रतिक्षा गरिरहेको जानकारी रेग्मीलाई गराएका थिए ।

रेग्मीले नै नेकपा एमालेका अध्यक्ष झलनाथ खनाललाई आफ्नै सरकारी निवासमा भेटेर निर्वाचनको वातावरण बनाउन आग्रह गरेकोमा अध्यक्ष खनालले समेत आफूहरूले सक्दो प्रयास गरिरहेको भन्दै रेग्मी सरकारले पनि निर्वाचनको वातावरण बनाउने कार्यको लागी केही ठोस कदम चाल्न आग्रह गरेका थिए । नेकपा-माओवादीले रेग्मी सरकारको निर्णय प्रकृयाकै विरोध गरिरहेको हुनाले र उसले पहिलो चरणको संघर्षका कार्यक्रम ल्याएर सडक आन्दोलनमा उत्रिसकेको अवस्थामा नेकपा-माओवादी लगाएतका अन्य विपक्षी दलहरूले निर्वाचनमा भाग लिने सहमती नजनाएको खण्डमा निर्वाचन हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको राजनीतिक विश्लेषकहरूको ठहर छ ।

### चुनाव निष्पक्ष...

जानकारी दिन हिमानी ट्रस्टले गरेको पत्रकार सम्मेलनपछि पत्नी कोमलसहित कार्यक्रमस्थल पुगेका पूर्वराजा शाहले देशको परिस्थितिबारे पनि चिन्ता राखे । 'मुलुकको माहोल चिन्ताजनक छ । सर्वसाधारणको मुहारमा निराशा रहेको मैले पाएँ,' उनले भने । गाउँका जनताको भावना बुझ्न आफू प्रचण्ड गर्मीमा पनि गाउँ-गाउँमा गएको भन्दै उनले काठमाडौंमा बसेर गाउँको स्थिति बुझ्न नसकिने बताए । 'काठमाडौंमा बसेरभन्दा गाउँ गएर गाउँको स्थिति बुझ्न सकिन्छ,' उनले भने ।

बाढीपीडित जनताका लागि सहयोग गर्न आह्वान गर्दै उनले दिइएको राहत बाढीपीडित क्षेत्रमा जानुपर्ने बताए । देशको राजनीतिबारे खासै नखुलेका उनले यति मात्रै भने, 'अहिले राजनीतिभन्दा पनि किसानको समय हो ।'

### नेपाल प्रहरीमा...

रहेको ७ महिना पुगेपनि प्रहरी नेतृत्वले बढुवाको लागि सिफारिस गर्न सकेको छैन । प्रहरी महानिरिक्षकको सचिवालयले बढुवाका लागि आन्तरिक तयारी पुरा गरेपनि विभागीय प्रमुख ( एआइजी)हरूको असन्तुष्टीका कारण बढुवा प्रकृयामा ढिलाई भएको छ । बढुवाको आन्तरीक लेखापढीका लागि सम्बन्धीत विभागीय प्रमुखहरूले सिफारिस गर्नु पर्ने प्रावधान रहेकोमा केही एआइजीहरूले आफु निकट र वरिष्ठतालाई आधार बनाएर बढुवा गर्नु पर्ने भन्दै नाम सिफारीस गरेपछि त्यस्ता एआइजीहरू प्रति महानिरिक्षक कुवेरसिंह राना असन्तुष्ट रहेको सुत्रको दावी छ ।

नेपाल प्रहरीको नियामावलीमा प्रहरी महानिरिक्षकको सिफारिसमा गृहमन्त्री स्तरीय निर्णयबाट एसएसपी बढुवा गर्ने व्यवस्था गरिएको छ । एसएसपीमा बढुवा गर्नका लागि नीतिगत मापदण्ड बनाउन गृहमन्त्रालयले आन्तरिक कार्यदल समेत गठन गरेको थियो । कारवाहीमा परेका वा राम्रो छवि नभएकाहरूलाई बढुवाका लागि सिफारिस नगर्न महानिरिक्षक रानालाई दवाव दिन एउटा समूह नै सक्रिय भएपनि महानिरिक्षक रानाले उनिहरूलाई वेवास्ता गर्दै आएका छन् ।

गृहमन्त्री माधव घिमिरेले पहिले डिआइजीहरूको बढुवामा जस्तो विवाद नआओस् भनेर योग्य र सक्षम व्यक्तिहरूलाई मात्र सिफरिस गर्ने जिम्मेवारी महानिरिक्षक रानालाई नै दिइएका हुनाले रानाले एक्लौटी सिफारिस गर्ने प्रवल सम्भावना रहेको एसपीले दाबी गरेका छन् । बढुवाका दावेदारहरूमा क्रमशः ठाकुराम बर्तौला, बलराम शर्मा, पुष्पचन्द्र रन्जित, धिरू बस्नेत, ज्ञानविक्रम शाह, श्याम खड्का, कृष्णप्रसाद गौतम, शरद चन्द, पवन खरेल, प्रेम चन्द, श्यामसिंह खत्री, मनोज नेउपाने, दिपक कुमार थापा, पुस्कर कार्की र विक्रमसिंह थापा रहेका छन् ।

### आयोगको...

भ्याएका थिए । राजधानीबाट मोटरमा एक घण्टामा पुग्न सकिने ठाउँमा समेत एमाओवादीका नेताहरू हेलिकोप्टरमा सवार भएका थिए । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराइले ललितपुरको बाँडे गाउँमा जान समेत हेलिकोप्टर नै प्रयोग गरेको थिए । एउटा सबै भन्दा कम सिट भएको हेलिकोप्टरको भाडा चार्टर गर्दा प्रति घण्टा २ देखि अढाइ लाख रुपैयाँ पर्दछ । सेवा प्रदायकले धेरै सुविधा प्रदान गरेपनि प्रतिघण्टा डेढ लाख भन्दा कम हुँदैन । त्यही कारणले गर्दा आयोगले त्यस्तो प्रस्ताव गरेको हुनु पर्दछ । लाँखौ लाख रकम हेलिकोप्टर चार्टर गर्न कहाँबाट पैसा आउँछ ? प्रत्यक्ष निर्वाचनका लागि एउटा उम्मेदवारलाई १० लाख सम्म खर्च गर्ने छुट दिएकोमा त्यस्मा पनि एमाओवादीको विरोध हुनु निश्चय दुख लाग्दो विषय हो । १० लाख खर्च गर्न पाउने व्यक्तिले ४ घण्टा हेलिकोप्टर चार्टर गरेको खण्डमा सबै रकम समाप्त हुन्छ अनि उनले के खान्छन्, कहाँ सुत्छन् ? कागजीकुरा भन्दा व्यवहारीक कुरा हेर्नु एमाओवादीके हितमा देखिन्छ ।

पछिल्लो समयमा निर्वाच आयोग निकै अन्यौलमा परेको जस्तो देखिएको छ । एमाओवादीले कडा आचारसंहिता नल्याउन र नगर्न दवाव दिएपछि आयोग चुपचाप रहेको छ । उच्चस्तरीय राजनैतिक संयन्त्रमा रहेका दलका प्रतिनिधिहरूले आयोगले तयार पारेको आचारसंहिताको पक्षमा रहेको बताएका भएपनि एमाओवादीका प्रतिनिधिले भने प्लेन चार्टर गर्न पाउनु पर्ने र १० लाखको सीमा बढाउनु पर्ने वताएका हुनाले एमाओवादीले त्यती ठूलो रकम कहाँबाट ल्याउँछ भन्दै अन्य दलहरूका प्रतिनिधिहरूले उत्तर खोजेका थिए । विगतमा राज्यकोषबाटै हेलिकोप्टर सयर गर्ने गरेका केही दलका शिर्ष नेताहरूले अहिले पनि निर्वाचनका बेला सरकारी सुविधामै सयर गर्न पाउनु पर्दछ भन्नु राज्यकोषको दुरुपयोग बहेक अन्य केही हुन सक्दैन ।

### यिनले...

चुनावलाई सकेसम्म पर धकेल्ने खेल खेलिरहेका छन् । वास्तवमा अहिले कोही पनि चुनाव चाहँदैनन् । विना चुनाव सत्ताको रजाइँ गर्न सबै उद्दत छन् । हो, कमल थापाको राप्रपा नेपाल चुनाव चाहन्छ । किनभने यो पार्टीलाई गुमाउनु केही पनि छैन, मात्र कमाउनु छ । तसर्थ जसले जेजति फलाकेता पनि यो मुलुकमा शान्तिकामी पार्टीमा दरिएका र क्रान्तिकारीमा दरिएका कोही पनि चुनावको पक्षमा देखिँदैनन् । कसैलाई जनतासामु जान डर छ भने कसैलाई एकसिट पनि नआउला भन्ने पीर छ । यसरी कतिन्जेल यो मुलुक धान्ने हो ? यिनलाई कतिन्जेल सहने हो ? विना जनताको मत यिनलाई कतिन्जेल प्रमुख नेता र पार्टी मानिरहने हो ? जस्तो कि माथि नै भनियो, यिनबाट मुलुक अगाडि बढ्न सक्दैन । यिनले मुलुकलाई दिशा दिने त, परै जाओस् आफ्नै पार्टीसमेत सम्हाल्न सकेनन् । अब पनि ढिलो नगरौँ, पूर्वराजा र जनताको हातेमालोबाट नै यो मुलुकमा देखिएका चौतर्फी समस्याहरूको निदान हुनेछ । अब ढिलो नगरौँ, अब अरू प्रयोगको प्रतिक्षा नगरौँ ।

### प्रचण्डलाई...

बाबुराम र महरालाई समन काट्ने तयारी गरेको छ । यो भ्रष्टाचार काण्डमा प्रचण्डलाई तान्ने साइत र लोकमानको हाइट एकैपटक ठूलै घटनाको रूपमा सार्वजनिक हुनेछ ।

स्मरणीय छ, ३२ हजार २ सय ५० मानिएका माओवादी पूर्व लडाकूलाई अनमिनले १९ हजार ६ सय भन्यो र ४ हजारलाई अनफिट मान्यो । पुनर्वर्गीकरण गर्दा १७ हजारमा भन्यो । ०६३ देखि प्रति लडाकु ३ हजार, २०६५ सालमा ५ हजार र ०६८ साउनदेखि साढे ६ हजार भत्ता तोकियो र बाँडियो । झन्डै ६ हजार नाममात्रका लडाकुका नाममा एमाओवादीले ४ अर्ब भ्रष्टाचार गरेको आरोप छ । २० अर्ब वितरण, ४ अर्ब भ्रष्टाचारमा प्रचण्ड तानिँदा राजनीतिमा कस्तो तनाव होला ?

## एक अर्बको परिचयपत्र, खिलराजलाई सत्र

काठमाडौँ । राष्ट्रिय परिचयपत्र तयारी परियोजनाको ठेक्का आफ्ना नातेदार दीपक भट्टलाई पार्न र भागशान्ति जय नेपाल गर्न मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र उनका नातेदार तथा गृहमन्त्री माधव घिमिरे ज्यान फालेर लागेको रहस्योद्घाटन भएको छ ।

यस परियोजनाका लागि एसियाली विकास बैंकले एक अर्ब दिएको छ । नागरिकताभन्दा राम्रो परिचयपत्र हुने धारणाका साथ कम्प्युटर प्रविधिबाट परिचयपत्र तयारी गर्ने ठेक्का आह्वान गरियो । यो ठेक्का अर्कैलाई पर्ने र कमिशन नआउने भएपछि दोस्रोपटकसमेत टेन्डर आह्वानको म्याद बढाएर असार मसान्तसम्म लम्ब्याइएको छ । स्रोतका अनुसार नातेदारले नपाउने भए टेन्डर खोल्दै नखोल्ने, निर्णय नगर्ने वा रद्द गरेर अर्को टेन्डर आव्हान गर्नेसम्मको जालभेल भइरहेको छ । स्रोतका अनुसार दीपक भट्ट-खिलराजका नातेदार र जर्मनी जीएनडी कम्पनीका नेपाल एजेन्ट पनि हुन् । भट्टले यो टेन्डर हासिल गर्न जर्मनीको दबाबसमेत हालेको बताइन्छ ।

## एमाओवादी चोरीको गाडीमा सरर...

काठमाडौँ । जनयुद्ध र २०६२ को वृहत शान्ति सम्झौतापछि आफ्ना गाडीहरू धेरैजसो निजी भइसकेका छन् । भारतबाट चोरेर ल्याइएका यी अत्याधुनिक गाडीहरू अझै पनि केही गुडिरहेका छन् र तस्करी-हतियार-अपराधी-ओसारपसार गर्ने काममा प्रयोग भइरहेको आरोप लागेको छ । हाले चोरीका सामानसहित बा.००१ अ १० नम्बरको गाडी पक्राउ गरिएको छ र प्रचण्डको ठाडो आदेशमा यो गाडीलाई वेवारिसे घोषणा गर्न आइजीपी कुबेरसिंह रानासम्म दबाब परेको छ । रानाले प्रचण्डको आदेश मानेर नीति नियमलाई धोति लगाइदिने भएका छन् ।

अख्तियारले माओवादीकरणबाट दर्ता भएका गाडीहरूको छानविन गर्ने हो भने चोरीको प्रमाणित हुने मात्र होइन अरबौं भन्सार मारेको समेत देखिने छ भन्ने यातायात स्रोत भन्छ । राजनीतिक र राज्यसत्तामा पुगेका बेलामा गरेको अनियमिततामा फस्ने सवाल पनि छ । तर राजनीति भाँडिन्छ, विथोलिन्छ भनेर अरू राजनीतिक नेताहरूसमेत तैँ चुप मै चुप भएका छन् ।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१५६९६९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार